विद्युत् नियमन आयोग

इजलास

अध्यक्ष डा. रामप्रसाद धिताल — सदस्य गौतम डङ्गोल

सदस्य डा. मधुसुधन अधिकारी — सदस्य डा. झमकप्रसाद शर्मा

सदस्य भागीरथी भट्टराई ज्ञवाली

## फैसला

विवाद संख्या/ दर्ता नं:- ०८२-DR-००२

दायर भएको मिति: २०८२/०७/२०

फैसला भएको मिति: २०८२/१२/ १

निर्णय नं: ०२-२०८२/८३

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ०३ कृष्णगल्लीस्थित रजिष्टर्ड कार्यालय रहेको पञ्चकन्या स्टिल प्रा. लि.को तर्फबाट अख्तियारप्राप्त सहायक कानुन अधिकृत भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं.-३ बस्ने बद्री बहादुर खड्काको नाति, उपेन्द्र खड्काको छोरा वर्ष २५ को अधिवक्ता रोजन खड्का (ID No.PkgR470, का.व्य.प्र.प. नं. २१६४१, सम्पर्कनं.९७०९०८८१०८,९८५१०७६४५३) ...... ...... ...... ....१ — उजुरीकर्ता

विरुद्ध

नेपाल विद्युत् प्राधिकरण, दरबारमार्ग, काठमाडौं ....................................... १

ऐ. को संचालक समिति ................................................................१ — प्रत्यर्थी

नेपाल विद्युत् प्राधिकरण, नयाँ मिल वितरण केन्द्र .......................................१

विषयः नेपाल विद्युत् प्राधिकरणबाट डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सप्लाइ लिएको उपभोक्तालाई बक्यौता विद्युत् महसुल बुझाउने अन्यायपूर्ण निर्णय खारेज गरी क्षतिपूर्ति दिलाइ पाऊँ भन्ने उजूरी बारे।

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम यस आयोगको क्षेत्राधिकार भित्रको भई रीतपूर्वक दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

## तथ्य खण्ड

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंकलाईनमार्फत विद्युत् उपभोग गरेवापत २०७२ माघदेखि २०७५ बैशाख महिनासम्मको बक्यौता विद्युत् महसुल सम्बन्धमा प्रशासकीय पुनरावलोकनको व्यवस्था गरी आवश्यक धरौटी रकम बुझाई निवेदन दिन सक्ने सूचना २०८२ वैशाख महिनामा प्रकाशित गरेअनुसार नेपाल विद्युत् प्राधिकरणले बक्यौता महसुल देखाएको बिल रकम रु ५२,१९,३६२।३८ को पाँच प्रतिशत बराबर धरौटी बुझाई उजुरीकर्ता पञ्चकन्या स्टिल प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि निवेदन पेश गरेको र उक्त निवेदन विचाराधीन अवस्थामा नै रहेको बेला नेपाल विद्युत् प्राधिकरणले प्रशासकीय पुनरावलोकनसम्बन्धी सम्पूर्ण प्रक्रिया बदर गरी मिति २०८१।६।१२ मा पत्र लेखी छुट बिलमा उल्लेख भए बमोजिमको बक्यौता महसुल रु ५२,१९,३६२।३८ नबुझाएमा कारबाही गर्ने निर्णय तथा सूचना जारी गरी उजुरीकर्ता उद्योगको विद्युत् लाइन काटिएकोले विवादित बक्यौता अभिलेख रद्द गरी विद्युत् लाइन पुनः जडान गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ ।आफूले नेपाल विद्युत् प्राधिकरणसँग डेडिकेटेड फिडर वा ट्रङ्कलाइनको सेवा माग नगरेको र सो सेवा उपलव्ध गराउन नेपाल विद्युत् प्राधिकरण संचालक समितिले कुनै निर्णय नगरेको तथा नेपाल विद्युत् प्राधिकरणसँग विवादित महसुल रकमको टीओडी डाटा पनि नभएको हुनाले सो रकम आफूले तिर्नु बुझाउनु पर्ने होइन । साथै उजुरीकर्ता उद्योगको विद्युत् लाइन काटिएकोले उजुरीकर्तालाई अपूरणीय हानी नोक्सानी भएकोले उजुरीकर्ताको उद्योगमा यथाशीघ्र विद्युत् आपूर्ति प्रदान गर्न तथा प्रस्तुत विवादको टुङ्गो नलागेसम्म विद्युत् महसुल संकलन विनियमावली, २०७८ बमोजिम कुनै पनि काम कारवाही नगर्नू, नगराउनू भनी प्रत्यर्थीका नाममा अन्तरकालीन, अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको मिति २०८२|०७|२० को पञ्चकन्या स्टिल प्रा. लि. को उजुरी ।

"यसमा के कसो भएको हो? उजुरीकर्ताको मागबमोजिम हुनुपर्ने हो होइन ? हुनु नपर्ने हो भने सोको आधार कारण सहितको लिखित प्रतिवाद सूचना प्राप्त भएको मितिले १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत पेश गर्नू भनी प्रत्यर्थीहरुका नाममा सूचना पठाई म्यादभित्र लिखित प्रतिवाद परे वा म्याद व्यतित भएपछि नियमानुसार पेश गर्नू" भन्ने यस इजलासको मिति २०८२। ७।२३ को आदेश ।

"उजुरीकर्ताको माग बमोजिम अन्तरकालीन, अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा हेर्दा, प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणले उजुरीकर्ताको उद्योगमा काटिएको विद्युत् लाइन पुनः जोडेको भन्ने खुल्न आएकाले जुन कार्यका लागि अन्तरकालीन, अन्तरिम आदेश माग गरिएको हो सो कार्य नै सम्पन्न भैसकेको देखिँदा अन्तरकालीन, अन्तरिम आदेश जारी गरिरहनु परेन" भन्ने यस इजलासको मिति २०८२।७।३० को आदेश ।

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड लाइन (फिडर) वा ट्रंक लाइनबाट विद्युत् उपयोग गर्ने औद्योगिक, व्यापारिक र गैरव्यापारिक वर्गका ग्राहकहरुलाई विशेष दर (थप दरमा) महसुल लगाउने मिति २०७२।०३।१२ मा निर्णय भएको र उक्त विशेष दरमा मिति २०७२।०४।०१ देखि लागू गर्न विद्युत् महसुल निर्धारण आयोगमा अनुरोध गरेकोमा उक्त आयोगबाट सो निर्णय स्वीकृत भई उजुरीकर्ताले सुरु देखिनै ट्रंक लाईनको सुविधा लिएको हुँदा कानुन बमोजिम छुट विलको रकम माग गरिएको हो । उजुरीकर्ताले रुपन्देही जिल्ला अदालतमा मुद्दा गरी फैसला भइसकेकाले उजुरीकर्तालाई प्रस्तुत उजुरी गर्न प्राङन्यायका सिद्धान्तले मिल्दैन भन्ने समेत एकै मिलान व्यहोराको नेपाल विद्युत् प्राधिकरण, ऐ. को संचालक समिति र नेपाल विद्युत् प्राधिकरण, नयाँ मिल वितरण केन्द्रको छुट्टा छुट्टै लिखित प्रतिवाद ।

प्रत्यर्थीहरुबाट पेश भएको लिखित प्रतिवादउपर १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत रीतपूर्वकको प्रत्युक्ति पेश गर्नू भनी लिखित प्रतिवादको प्रतिलिपिसहितको सूचना उजुरीकर्तालाई दिई लिखित प्रत्युक्ति परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू" भन्ने यस इजलासको मिति २०८२।८।१२ को आदेश ।

विपक्षीले आन्तरिक लोड व्यवस्थापन गर्दा उजुरीकर्ता ट्रंक लाइनको संरचनाभित्र पर्न गएको अवस्था रहेको र लोडसेडिङ्ग ६ घण्टा वा सोभन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सोभन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने गरी निर्णय भएकोमा उजुरीकर्ता सो बमोजिम नपर्ने हुँदा आन्तरिक व्यवस्थापनका लागि निवेदकलाई ट्रंक लाईनमा पारी महङ्गो आर्थिक दायित्वको भार बोकाउँदा विपक्षीको अनुचित समृद्धि (Unjust Enrichment) हुन जाने साथै आफ्नो व्यवसायिक फाइदाको लागि कानूनको गलत व्याख्या गरी जारी गरिएको छुट विल न्यायको सर्वमान्य सिद्धान्तको रुपमा रहेको विलम्वको सिद्धान्त समेत प्रतिकूल रहेकाले गलत मनसाय सहित रकम भुक्तानी प्रयोजनार्थ गरिएको निर्णय खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको उजुरीकर्ताको लिखित प्रत्युक्ति ।

"उजुरीकर्ताको उजुरी, प्रत्यर्थीहरुबाट पेश हुन आएको लिखित प्रतिवाद तथा उजुरीकर्ताबाट पेश हुन आएको प्रत्युक्तिसमेतका सन्दर्भमा विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ को उपदफा (३) को खण्ड (घ) बमोजिम उजुरीकर्ता र प्रत्यर्थीहरुसँग भएको सम्बद्ध अभिलेख तथा प्राविधिक पक्षको स्थलगत निरीक्षण गराउनु पर्ने देखिंदा सो प्रयोजनका लागि ७ दिनको समयावधि तोकेर कर्मचारी तथा विज्ञहरु सम्मिलित

टोली खटाउनू । निरीक्षणमा खटिएको टोलीलाई उक्त टोलीले निरीक्षण गर्न चाहेको जुनसुकै विषय निरीक्षण गर्न दिने, उक्त टोलीले माग गरेको व्यहोरा वा विवरण उपलव्ध गराइदिने साथै टोलीले छलफल वा अन्तरकृया गर्न चाहेमा त्यसमा सहभागिता जनाई टोलीलाई सकृय सहयोग गर्ने भन्ने व्यहोराको पत्र उजुरीकर्ता र प्रत्यर्थी दुबै पक्षलाई प्रेषित गर्नू । उक्त टोलीबाट प्रतिवेदन पेश हुन आए पछि कानून बमोजिम पेश गर्नू" भन्ने यस इजलासको मिति २०८२।९।२८ को आदेश ।

यस इजलासको मिति २०८२।९।२८ को आदेश बमोजिम आयोगबाट स्थलगत निरीक्षणमा खटिएको टोलीले स्थलगत निरीक्षण गरी आयोग समक्ष मिति २०८२।१०।११ मा पेश गरेको प्रतिवेदन मिसिल सामेल रहेको ।

"प्रत्यर्थीहरूबाट पेश हुन आएको लिखित प्रतिवाद तथा उजुरीकर्ताबाट पेश हुन आएको प्रत्युक्ति र यस इजलासको आदेशअनुसार स्थलगत निरीक्षण गर्न खटिएको टोलीले पेश गरेको प्रतिवेदन समेतको अध्ययन पश्चात प्रस्तुत विषयमा विवादित विषयको तथ्य बारे यकिन गर्न तथा आवश्यक प्राविधिक मूल्याङ्कनको लागि उजुरीकर्ता र प्रत्यर्थी दुबै पक्षलाई थप प्रमाण पेश गर्न लगाउनु पर्ने देखिँदा सोधनी भएको विषयमा यथार्थ व्यहोरा खुलाई विद्युत् नियमन आयोग विवाद समाधानसम्बन्धी विनियमावली,२०८२ को विनियम २१ को उपविनियम (४) बमोजिम सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र लिखित प्रतिक्रिया एवं सोसँग सम्बन्धित उपलब्ध भएसम्मका सबुत प्रमाण पेश गर्नू भनी आदेशको प्रतिलिपि साथै राखी उजुरीकर्ता र प्रत्यर्थीहरूका नाममा सूचना दिई लिखित प्रतिक्रिया पेश भए सो प्राप्त भएपछि वा पेश हुन नआए अवधि व्यतित भएपछि कानून बमोजिम पेश गर्नू" भन्ने यस इजलासको मिति २०८२।११।१ को आदेश ।

आयोगबाट मिति २०८२।११।१ मा भएको आदेश बमोजिम उजुरीसँग सम्बन्धित कागजात पेश गर्न ल्याएको छु उक्त पेश भएका कागजातहरुलाई मिसिल सामेल राखी नियमानुसार मुद्दाको कामकारवाही गरी पाऊँ भन्ने व्यहोराको उजुरीकर्ताले मिति २०८२।११।२५ मा पेश गरेको लिखित प्रतिक्रिया ।

प्राधिकरणको ग्राहकलाई विविध कारणबाट मानवीय त्रुटी एवं प्राविधिक कारणले ग्राहकलाई प्रदान गरिएको बिलमा महसुल छुट भएको अवस्थामा विद्युत् महसुल संकलन विनियमावलीमा भएको कानूनी व्यवस्थाबमोजिम नै छुट बिल जारी गरिएको हो । यी उजुरीकर्ता उद्योगको परिसरमा प्राधिकरणको भरौलिया सवस्टेसन देखि अमुवा सवस्टेसन जोड्ने ३३ के.भी. ट्रंक लाइन ट्यापिङ् गरी विद्युत् प्रवाह भएको साइट निरक्षण गर्दा प्रत्यक्ष देखिने भएकोले सो विषयलाई अनदेखा गर्न नमिल्ने भएको हुँदा निज उजुरीकर्ताको उद्योगमा ट्रंकलाइनबाट विद्युत् सप्लाई आजका दिनसम्म भइरहेको। विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(५) अनुसार ३३ के.भी. ट्रंक लाइनबाट नयाँ विद्युत् सप्लाई माग गर्ने नयाँ ग्राहकको रुपमा मात्र विद्युत् सप्लाई माग गर्दा नै २० घण्टा भन्दा बढी समय विद्युत् सप्लाई

अवरुद्ध भएमा उल्लेख गर्नुपर्ने व्यवस्था सम्म रहेको । प्राधिकरणका मिटर रिडरले सम्बन्धित उद्योगमा गई मिटर रिडिङ गर्दा T1 T2 र T3 मा खपत भएको इनर्जी एवं डिमाण्ड स्पष्ट हुने र सोही अनुसार प्रचलित महसुल दर अनुसार बिलिङ हुने भएकोले डाटा एवं Log Sheet आवश्यक नहुने भन्नेसमेत व्यहोराको प्रत्यर्थीले मिति २०८२।११।२५ मा पेश गरेको लिखित प्रतिक्रिया।

इजलासले प्रमाण ऐन, २०३१ को दफा ५ बमोजिम स्वयम् न्यायिक जानकारी लिएको विषयः

(क) तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको डेडिकेटेड फिडरबाट विद्युत् आपूर्ति लिने ग्राहकको लागि विद्युत् महसुल निर्धारण गरेको मिति २०७२।९।२९ र मिति २०७२।१०।१० को क्रमशः १०३ औं र १०४ औं बैठकका अलग अलग निर्णयहरू तथा निर्णय कार्यान्वयन गराउने क्रममा विद्युत् महसुल निर्धारण आयोगले मिति २०७२।१०।१२ को गोरखापत्रमा प्रकाशित गरेको सूचना एवं ट्रङ्कलाइनबाट विद्युत् आपूर्ति लिने ग्राहकको लागि डेडिकेटेड फिडर सरह विद्युत् महसुल लाग्ने भनी विद्युत् महसुल निर्धारण आयोगले गरेको मिति २०७३।३।१६ को १०८ औं बैठकको निर्णयका साथै निर्णय कार्यान्वयन गराउने क्रममा विद्युत् महसुल निर्धारण आयोगले मिति २०७३।३।२० को गोरखापत्रमा प्रकाशित गरेको सूचना ।

(ख) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०९।२४ को निर्णयबाट डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल सम्बन्धमा छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित जाँचबुझ आयोगले नेपाल सरकारलाई बुझाएको र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०७।२५ को निर्णयबाट सार्वजनिक गरिएको प्रतिवेदन ।

(ग) डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल असुली सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।१।२७ को निर्णय ।

(घ) विवादित डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल सम्बन्धमा ६ जना उपभोक्ताहरु (जगदम्बा स्टिल लिमिटेड, जगदम्बा सिन्थेटिक प्रा. लि., हुलास इण्डस्ट्रिज लिमिटेड, घोराही सिमेण्ट इण्डस्ट्री लिमिटेड, अर्घाखाँची सिमेण्ट लिमिटेड र  रिलायन्स स्पिनिङ मिल्स लिमिटेड) का तर्फबाट गुनासोको रुपमा (मुद्दाको रुपमा होइन) आयोगमा मिति २०८१।०४।०४ मा पेश भएको शिकायत र सो सन्दर्भमा आयोगले नियमनकारी निकायको हैसियतले उपभोक्ता र सेवाप्रदायक दुवै पक्षलाई आपसी समझदारीबाट समस्याको समाधानार्थ सहजीकरण गरिदिने क्रममा मिति २०८१।४।०६, २०८१।५।२६, २०८१।७।१२, २०८१।८।११, २०८१।११।८ र २०८१।१२।२७ मा गरेका निर्णयहरु ।

(ङ) उजुरीकर्ताले यस अघि रुपन्देही जिल्ला अदालतमा दायर गरेको मुद्दा नं ०७८-CP-०२४५ उपर उक्त अदालतले मिति २०७९।९।२१ मा गरेको फैसला (जसको प्रमाणीकरण मिति २०७९।१०।२६ मा भएको) र उच्च अदालत तुलसीपुरको बुटवल इजलासले सोही फैसलालाई सदर गरेको मिति २०८१।०१।०९ को फैसला समेत।

५

(च) शिवम सिमेन्ट्स् लिमिटेड विरुद्ध नेपाल विद्युत् प्राधिकरण समेत रहेको नं ०७३-W0-००२४ को उत्प्रेषण परमादेश मुद्दामा विद्युत् महसुल निर्धारण आयोगले विधिवत् रुपमा महसुल दर निर्धारण गरे पश्चात मात्र त्यस्तो महसुल दर लागु हुने भनी सम्मानित सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको मिति २०७५।७।२० को फैसला ।

ठहर खण्ड

उल्लेखित विषयमा नेपाल विद्युत् प्राधिकरणबाट भए गरेका काम कारवाहीहरुसँग सम्बन्धित नेपाल विद्युत् प्राधिकरणका शुरुदेखि हालसम्मका प्रचलित विनियमावलीहरु अवलोकन गर्दा विद्युत् वितरणतर्फ नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ र त्यसलाई खारेज गरी जारी भएको विद्युत् वितरण विनियमावली, २०७८; अनि विद्युत् महसुल संकलनतर्फ विद्युत् महसुल संकलन विनियमावली, २०६९ र त्यसलाई खारेज गरी मिति २०७३।०४।०१ देखि लागू भएको विद्युत् महसुल संकलन विनियमावली, २०७३ एवं त्यसलाई खारेज गरी जारी भएको विद्युत् महसुल संकलन विनियमावली ,२०७७ र त्यसलाई खारेज गरी मिति २०७८।०९।०१ देखि लागू भएको विद्युत् महसुल संकलन विनियमावली, २०७८ समेत रहेको पाइयो ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत विवादमा उजुरीकर्ताको उजुरी, प्रत्यर्थीको प्रतिवाद तथा उजुरीकर्ताको प्रत्युक्ति समेतका मिसिल संलग्न तथ्य एवं प्रमाणको अध्ययन गरी उजुरीकर्ताका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू सर्वश्री रमन कुमार कर्ण, सुलभ पराजुली, विशेष थापा, सगुण खनाल तथा रोजन खड्का र प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरण समेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू सर्वश्री रमेश कुमार घिमिरे र राजकुमार पोखरेलले गर्नुभएको बहस सुनी मुख्यतया निम्नलिखित सवालहरुमा केन्द्रित रही फैसला गर्नुपर्ने देखियो:

१. यसै विषयमा यस अघि नै उजुरीकर्ताबाट रुपन्देही जिल्ला अदालतमा मुद्दा गरी फैसला भइसकेकाले उजुरीकर्तालाई विद्युत् नियमन आयोगमा प्रस्तुत उजुरी गर्न प्राङ्न्यायका सिद्धान्तले मिल्दैन भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको सन्दर्भमा उजुरीकर्ताले यस आयोगमा उजुरी दायर गर्न प्राङ्न्यायको सिद्धान्त आकर्षित हुन्छ कि हुँदैन र निजको हकदैया पुग्छ कि पुग्दैन ? साथै प्रस्तुत विषयमा विद्युत् नियमन आयोगको क्षेत्राधिकार आकर्षित हुन्छ कि हुँदैन ?
२. नेपाल विद्युत् प्राधिकरण आफैंले ग्राहकलाई महसुल पुनरावलोकनका लागि आह्वान गरी निज उजुरीकर्ताबाट विधिवत् पुनरावलोकनको निवेदन परेपछि पुनरावलोकन नगरी सो प्रकृया नै बदर गरेको कार्यको औचित्य स्थापित हुन्छ कि हुँदैन ?
३. कानून तथा न्यायको दृष्टिबाट उजुरीकर्तालाई नेपाल विद्युत् प्राधिकरणले बिलम्ब गरेर विद्युत् महसुलको छुट बिल जारी गर्न पाउने हो कि होइन ?

४. आफूले नेपाल विद्युत् प्राधिकरणसँग डेडिकेटेड फिडर वा ट्रङ्कलाइनको सेवा माग पनि नगरेको र सो सेवा उपलव्ध गराउन नेपाल विद्युत् प्राधिकरण संचालक समितिले कुनै निर्णय पनि नगरेको हुनाले आफ्नो नाममा नेपाल विद्युत् प्राधिकरणले बक्यौता देखाएको विवादित समयावधिको डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको विशेष महसुल नेपाल विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने होइन भनी उजुरीकर्ता पञ्चकन्या स्टिल प्रा. लि. ले गरेको दाबी पुग्न सक्छ कि सक्दैन ?

५. नेपाल विद्युत् प्राधिकरणसँग विवादित महसुल रकमको टीओडी डाटा नै नभएको हुनाले आफूले उपभोग नगरेको विद्युत् बापत आफ्नो नाममा नेपाल विद्युत् प्राधिकरणले बक्यौता देखाएको विवादित समयावधिको डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको विशेष महसुल नेपाल विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने होइन भनी उजुरीकर्ता पञ्चकन्या स्टिल प्रा. लि. ले गरेको दाबी पुग्न सक्छ कि सक्दैन ?

६. नेपाल विद्युत् प्राधिकरणले विवादित समयमा निरन्तर विद्युतआपूर्ति नगरेको कारणले गर्दा विद्युत् महसुल निर्धारण आयोगको मिति २०७३।३।१६ को १०८ औं बैठकको निर्णयमा उल्लेखित शर्तहरु पुरा नभएको हुँदा अतिरिक्त महसुल लाग्ने होइन भनी उजुरीकर्ता पञ्चकन्या स्टिल प्रा. लि. ले गरेको दावी पुग्न सक्छ कि सक्दैन ?

प्रश्न नं. १: *प्रस्तुत उजुरी गर्ने उजुरीकर्ताबाट रुपन्देही जिल्ला अदालतमा मुद्दा नं ०७८-CP-०२४५ दायर भई उक्त अदालतबाट मिति २०७९।९।२१मा फैसला भैसकेको हुँदा अदालतबाट पहिले नै निरोपण भैसकेको तथ्य लुकाई उजुरीकर्ताले सोही विषयमा पुनः विद्युत् नियमन आयोगमा उजुरी गर्न पाउने होइन भनी नेपाल विद्युत् प्राधिकरणले आफ्नो लिखित प्रतिबादमा गरेको दाबीका सन्दर्भमा देवानी कार्यविधि संहिता, २०७४ को दफा ८९ लाई दृष्टिगत गर्दा र उजुरीकर्ताले यस आयोगमा उजुरी दायर गर्न प्राङन्यायको सिद्धान्त आकर्षित हुन्छ कि हुँदैन र निजको हकदैया पुग्छ कि पुग्दैन ? भन्ने* सन्दर्भमा हेर्दा, मुद्दा नं ०७८-CP-०२४५ मा आफूले विद्युत्को महसुल नियमितरुपमा बुझाउँदै आएको भए पनि नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रले मिति २०७८।३।११ च नं २२९१ को पत्र लेखी २०७७ असारसम्मको बाँकी बक्यौता रु २,१८,८९,५०९।५६ र २०७८ जेठसम्मको बाँकी बक्यौता रु ९,९७,४७,३९९।८३ यही २०७८ आषाढ मसान्तभित्र बुझाउन वा सो बुझाउने किश्ताबन्दीको लागि आवेदन दिन उल्लेख गरी पत्राचार गरेकाले सो पत्र लगायत नेपाल विद्युत् प्राधिकरण संचालक समितिको निर्णयसमेत बदर गरी टीओडी मिटरको विवरणबाट मिति २०७३।४।१ देखिको खपतमा लागू हुने दरमा हिसाब गर्न लगाई बिजक जारी गरी पाउँ भनी यिनै उजुरीकर्ताले रुपन्देही जिल्ला अदालतबाट मुद्दा दायर गरेकामा रुपन्देही जिल्ला अदालतबाट -

"उद्योगले उठाएको वर्ग परिवर्तनको सम्बन्धमा डेडिकेटेड सप्लाई वा निर्वाध विद्युत् आपूर्तिको प्रवन्ध भनेको ग्राहक वर्गीकरणको विषयबस्तु अन्तर्गत पर्ने देखिँदैन। विद्युत् महसुल संकलन विनियमावलीको विनियम ३ ले गरेको वर्गीकरणको सूची भित्र डेडिकेटेड सप्लाई वा डेडिकेटेड फिडर वा ट्रंक लाइनबाट

आपूर्ति सेवा लिएका ग्राहकलाई छुट्टै वर्गमा वर्गीकृत गरेको पाइदैन। बरू उक्त विनियमावलीको परिभाषा खण्डमा ग्राहक शब्दको परिभाषा गर्दा ट्रंक लाइन र डेडिकेटेड फिडरबाट विद्युत् आपूर्ति सेवा लिएको ग्राहकलाई समेत समेटेको अवस्था छ। डेडिकेटेड सप्लाई भनेको विद्युत् आपूर्ति सेवा लिने ग्राहकको छुट्टै वर्ग नभई त्यस्तो सेवा प्रदान गर्ने प्रकृया मात्र रहेको भन्ने देखिन आउँछ। यस आधारमा हेर्दा वादी संस्थाले जुन वर्ग अन्तर्गतको विद्युत् आपूर्ति सेवा प्राप्त गरेको हो त्यस वर्गबाट परिवर्तन गरी अर्को वर्गमा लगिएको भनी मान्न सकिने वस्तुनिष्ठ आधार मिसिलबाट भेटिंदैन। कुनै पनि विशेष सुविधा लिने संस्थाले विशेष महसुल बुझाउनु पर्ने प्रबन्ध गरिनुलाई अन्यथा भन्न सकिंदैन। विशेष सेवा सुविधाभित्र विशेष महसुल, शुल्क वा दस्तुरको विषय पनि स्वतः अन्तरनिहित हुन्छ। वादी संस्थाले निर्वाध विद्युत् आपूर्ति भएको अवस्थामा मात्र तदनुरुपको महसुल बुझाउनु पर्ने वैध अपेक्षा (Legitimate expectation) गरे जस्तै आपूर्तिकर्ता संस्थाले पनि त्यस्तो विशेष सुविधाका लागि गरेको विशेष प्रबन्धसँगै त्यसमा विशेष महसुलको अपेक्षा गर्नुलाई अस्वाभाविक, असमान र अनुचित मान्न सकिने हुँदैन। त्यसमा पनि विद्युत् महसुल निर्धारण आयोगले नै डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकले विद्युत् शक्ति खपत गरे वापत लिने शुल्क यकीन गरीदिए अनुसार त्यसलाई विनियमावलीको अङ्ग बनाएको अवस्थामा महसुलको दर र त्यसको वैधतामा प्रश्न उठाउन मिल्ने हुँदैन।

वादी संस्थाले तिर्नु बुझाउनु पर्ने वास्तविक विद्युत् महसुल यकीन गरी पुनः बिजक जारी गरी पाउन माग गरिएको अवस्था छ। फिरादपत्रमा विद्युत् महसुल सम्बन्धी निर्णय बदरको माग गरिएको भए पनि कुन मितिमा कुन निर्णय बदरको माग गरिएको हो भन्ने स्पष्ट खुलाउन सकिएको पाइदैन। न त आफूले यो यति विद्युत् खपत गरी सो वापत यो यति महसुल बुझाएको, यो यति बुझाउन बाँकी रहेको वा विद्युत् खपत गरे अनुसारको सम्पूर्ण महसुल चुक्ता गरेको भनी आफ्ना तर्फबाट हिसाव देखाई दावी प्रस्तुत गर्न सकेको नै अवस्था छ। त्यसरी निर्णय बदर तर्फ स्पष्ट दावी प्रस्तुत हुन नसकेको अवस्थामा विद्युत् महसुलका रुपमा वादी संस्थाले तिरे बुझाएको वा तिर्न बुझाउन पर्ने सम्पूर्ण हिसाव गरी रकम यकीन गर्ने र सो आधारमा पुनः बिजक जारी गर्ने जस्तो प्राविधिक र प्रशासनिक विषयमा यस अदालतले क्षेत्राधिकार ग्रहण गरी न्याय निरुपण गर्न कानूनी र व्यवहारिक दृष्टिले वाञ्छनीय हुँदैन। त्यस्ता विषयलाई विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत् वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष प्रस्तुत गर्न सकिने गरी न्यायिक उपचारको विशिष्ट प्रवन्ध गरिएको पाइन्छ। उक्त समिति समक्ष निवेदन पेश भएका बखत वादी संस्थाले दावी लिएको समग्र विषयलाई संवोधन गर्नुपर्ने स्वभाविक जिम्मेवारी उक्त समितिले वहन गर्ने नै छ यसमा अविश्वास गर्नु पर्ने वस्तुनिष्ठ आधार र कारण देखिन आउँदैन।

प्राधिकरणबाट छुट बिलिङ मार्फत निर्धारण गरिएको छुट विद्युत् महसुलको विषयलाई विद्युत् महसुल संकलन विनियमावली, २०७३ को वैधतासंग जोडेर अन्यथा भन्न मिल्ने अवस्था नरहेको, वादी दावीको

समग्र विषयमा विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत् वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष पेश गर्न सकिने उपचारको मार्ग विद्यमान रही उक्त समितिबाट स्वाभाविक रुपमा सो अनुसारको जिम्मेवारी र दायित्व वहन गरी वादी दावीका विषय सम्बोधन हुन सक्ने अवस्था समेत रहेको र वादी दावी अनुसार विद्युत् महसुलको सम्पूर्ण हिसाव गरी बिजक जारी गर्ने कार्य यस अदालतबाट हुन नसक्ने हुँदा प्रस्तुत मुद्दाको रोहबाट थप प्रमाण बुझिरहनु पर्ने समेत देखिएन। तसर्थ नेपाल विद्युत् प्राधिकरण, वुटवल वितरण केन्द्रको च.नं. २२४७, मिति २०७८/०३/११ को उक्त पत्र समेत वदर गरी विद्युत् महसुलको हिसाव गरी बिजक जारी गरी पाउँ भन्ने समेतको वादी दावी प्रथम दृष्टिमै पुग्न नसक्ने"

भन्ने ठहर गरी मिति २०७९।०९।२१ मा फैसला भएको देखियो । रुपन्देही जिल्ला अदालतबाट भएको उक्त फैसलाउपर यिनै उजुरीकर्ताले उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पुनरावेदन गरेको मुद्दा नं ०७९-DP-०६०५ मा रुपन्देही जिल्ला अदालतका फैसलालाई सदर ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०८१।०१।०९ मा फैसला भई अन्तिम भएको पाइयो ।
यसरी रुपन्देही जिल्ला अदालतबाट फैसला हुँदा वादी (यी उजुरीकर्ता) लाई विद्युत् महसुलमा चित्त नबुझेको अवस्थामा प्रचलित कानून बमोजिम सोको पुनरावलोकन गराउने प्रकृयामा जानुपर्ने ठहर गरी भएका फैसला अन्तिम भएको र उजुरीकर्ताले तत्कालीन कानूनको म्याद भित्र पुनरावलोकनको लागि सम्बन्धित निकायमा निवेदन नदिए पनि नेपाल विद्युत् प्राधिकरणले २०८२।०१।२६ र मिति २०८२।०१।३० मा सूचना प्रकाशित गरेर पुनरावलोकनमा आउन आह्वान गरेपछि मिति २०८२।०२।२९ मा नेपाल विद्युत् प्राधिकरणसमक्ष पुनरावलोकनका लागि निवेदन पेश गरेकोमा नेपाल विद्युत् प्राधिकरणले मिति २०८२।०६।१० को निर्णयबाट पुनरावलोकनको प्रकृया नै बदर गरेपछि अन्य कुराको अलावा सो निर्णय समेत उपर चित्त नबुझेको भनी यस आयोगसमक्ष प्रस्तुत उजुरी पेश हुन आएको देखिँदा प्रत्यर्थीले जिकिर लिए बमोजिम *देवानी कार्यविधि संहिता, २०७४ को दफा ८९ मा उल्लेख भएअनुसारको* प्राङ्न्यायको सिद्धान्त आकर्षित हुने देखिएन । उक्त उजुरी दायर गर्नका लागि विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम उजुरीकर्ताको हकदैया पुग्ने नै देखियो ।

त्यसैगरी प्रस्तुत मुद्दामा विद्युत् नियमन आयोगको क्षेत्राधिकार आकर्षित हुने नहुने सम्वन्धमा विचार गर्दा विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ को उपदफा (१) को खण्ड (ख) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफूलाई मर्का परेको कुरा उल्लेख गरी त्यसवापतको क्षतिपूर्तिको दावी गरेको विषयमा उत्पन्न हुने विवादको सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गरी विवाद समाधान गर्ने अधिकार आयोगलाई रहेको छ। Regulatory Competence तथा First Instance Jurisdiction को सिद्धान्तलाई दृष्टिगत गर्दा पनि विद्युत् महसुल निर्धारण, पुनरावलोकन तथा त्यससम्बन्धी विवाद प्रारम्भिक रूपमा सक्षम नियामक निकायबाटै सुनुवाइ तथा निर्णय

९

हुनुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । यो सिद्धान्तलाई विद्युत् जस्ता प्राकृतिक एकाधिकार (Natural Monopoly) रहेको क्षेत्रमा विश्वव्यापी रूपमा स्वीकार गरिएको देखिन्छ । अन्तर्राष्ट्रिय अभ्यासको अवलोकन गर्दा पनि विभिन्न देशका विद्युत् क्षेत्रका नियामक निकायहरूलाई विधायिकाद्वारा विद्युत्सम्बन्धी विवाद समाधान गर्ने अधिकार प्रदान गरिएको देखिन्छ । यसका केही उदाहरण हेर्ने हो भने भुटानको Electricity Act (२००१) को दफा ११ को उपदफा ७ ले विद्युत् क्षेत्रको नियामक निकाय Bhutan Regulatory Authority लाई ऐन, नियमावली, संहिता, मापदण्ड तथा सो ऐनअन्तर्गत जारी गरिएका अनुमतिपत्रको कार्यान्वयनसँग सम्बन्धित विषयमा "to establish a dispute resolution process and settle disputes between Licensees and between Licensees and customers relating to the enforcement of this Act, regulations, codes, standards and licenses issued under this Act ...." भन्ने सम्मको अधिकार प्रदान गरेको देखिन्छ। पाकिस्तानको विद्युत् सम्बन्धी कानून Regulation of Generation, Transmission and Distribution of Electric Power Act, १९९७ बमोजिम स्थापना भएको विद्युत् क्षेत्रको नियामक निकाय National Electric Power Regulatory Authority (NEPRA) लाई समेत विवाद समाधान गर्ने स्पष्ट अधिकार प्रदान गरिएको देखिन्छ । उक्त ऐनको दफा ७ को उपदफा २ मा "settle disputes between licensees in accordance with the specified procedure" भन्ने व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको दफा ४७ (ङ) मा अनुमतिपत्र पाप्त व्यक्ति तथा उपभोक्ताबीच उत्पन्न हुने विवाद समाधान गर्ने प्रक्रिया निर्धारण गर्ने सम्वन्धी कानूनी व्यवस्था गरिएको देखिन्छ । Public Utilities Commission of Sri Lanka (PUCSL) तथा Bangladesh Energy Regulatory Commission (BERC) लाई पनि सम्बन्धित राष्ट्रिय कानूनद्वारा विद्युत् क्षेत्रका अनुमतिपत्र प्राप्त व्यक्ति र उपभोक्ताबीच उत्पन्न हुने विवाद समाधान गर्ने नियामक अधिकार प्रदान गरिएको देखिन्छ । माथि उल्लेखित अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्दा विद्युत् जस्ता प्राविधिक, आर्थिक तथा सार्वजनिक सरोकारसँग प्रत्यक्ष र परोक्ष सम्बन्ध रहेको क्षेत्रमा विवाद समाधानको प्राथमिक अधिकार आयोग जस्ता नियामक निकायलाई प्रदान गर्नु कानूनको सर्वमान्य सिद्धान्त रहेको पुष्टि हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा विद्युत् नियमन आयोग ऐन, २०७४ ले महसुल निर्धारण तथा त्यससँग सम्बन्धित विवादको प्रारम्भिक सुनुवाइ गर्ने अधिकार Entity at First Stance को रुपमा विद्युत् नियमन आयोगलाई नै प्रदान गरेको देखिन्छ । विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ को उपदफा (२) बमोजिम त्यस्तो विवाद वा विषयका सम्बन्धमा अनुमतिप्राप्त व्यक्ति वा उपभोक्ताले आयोगसमक्ष उजूरी दिन सक्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। निज उजूरीकर्ता उद्योग विद्युत् अनुमतिपत्रप्राप्त नेपाल विद्युत् प्राधिकरणको औद्योगिक ग्राहकको वर्गमा पर्ने हुँदा निजबाट आयोगसमक्ष परेको उजूरीको हकमा सोही ऐनको दफा १८ को उपदफा (३) बमोजिम आयोगले कानून बमोजिम अदालतलाई भए सरह क्षेत्राधिकार ग्रहण गरी कारवाही किनारा गर्न मिल्ने नै देखिन आयो ।

प्रश्न नं. २: नेपाल विद्युत् प्राधिकरण आफैंले ग्राहकलाई महसुल पुनरावलोकनका लागि आह्वान गरी निज उजुरीकर्ताबाट विधिवत् पुनरावलोकनको निवेदन परेपछि पुनरावलोकन नगरी सो प्रकृया नै बदर गरेको

कार्यको औचित्य स्थापित हुन्छ कि हुँदैन ? भन्ने प्रश्नको सम्बन्धमा बिचार गर्दा, छुट बिल जारी भएपछि ३५ दिनभित्र सम्बन्धित ग्राहकले उक्त महसुल बुझाउनु पर्ने वा चित्त नबुझेमा विवादित समयावधिमा कायम रहेको नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ को विनियम ४५ को प्रकृया पुरा गरी पुनरावलोकन गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ भने मिटर रिडिङ् भएको ६० दिनभित्र ग्राहकले विद्युत् महसुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी बक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७३ को विनियम ५ मा उल्लेख छ । नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ को विनियम ५५ मा भएको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था अनुसार ग्राहक आफैं कानूनका म्यादभित्र पुनरावलोकनका लागि प्राधिकरणसमक्ष जानुपर्नेमा त्यसरी गएको देखिएन । बरु विवाद उत्पन्न भएको वर्षौं पछि नेपाल विद्युत् प्राधिकरणले आफैं मिति २०८२।१२।२९, मिति २०८२।१।२१ र मिति २०८२।४।०७ मा नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ को विनियम ५५ को संशोधन लगायतका निर्णयहरु गरी २०८२।१।२६ र मिति २०८२।१।३० मा सूचना प्रकाशित गरेर निज उजुरीकर्तासमेतलाई महसुल पुनरावलोकनमा आउन आह्वान गरेपछि यी उजुरीकर्ताले मिति २०८२।२।२९ मा नेपाल विद्युत् प्राधिकरणसमक्ष पुनरावलोकनका लागि आवेदन दिएकामा नेपाल विद्युत् प्राधिकरणले मिति २०८२।१२।२९, मिति २०८२।१।२१ र मिति २०८२।४।७ मा भए गरेका विनियम ५५ को संशोधन लगायतका निर्णयहरु खारेज गर्दै सो पुनरावलोकनको प्रकृया नै बदर गरेको भनी मिति २०८२।६।१० मा निर्णय गरेको व्यहोरा सम्बन्धित कागजातहरुबाट देखियो। नेपाल विद्युत् प्राधिकरणले प्रस्तुत विवादको रोहमा यस आयोगमा पेश गरेका प्रतिवाद लगायत अन्य कुनै पनि लिखतमा पुनरावलोकनको प्रकृयालाई पुरा नगरी प्रकृया नै बदर गर्नु पर्नाको चित्त बुझ्दो कारण खुलाउन वा सोको औचित्य सावित गर्न सकेको देखिएन । नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम स्थापित नेपाल विद्युत् प्राधिकरण भनेको नेपाल सरकारको स्वामित्वमा रहेको एउटा प्रतिष्ठित सँस्था हो र ऐनले यसलाई विद्युत् सेवाको गहन जिम्मेवारी प्रदान गरेको छ। यस्तो गहन जिम्मेवारी भएको सँस्थाबाट आम सेवाग्राही र समाजले जिम्मेवारपूर्ण व्यवहारकै अपेक्षा गरेको हुन्छ । सो अपेक्षा पुरा नभएमा नेपाल विद्युत् प्राधिकरणप्रति आमजनमानसको विश्वसनीयतामा ह्रास आउने हुन्छ ।ग्राहकलाई छुट महसुलको बक्यौताको पुनरावलोकनका लागि आह्वान गरी ग्राहक पुनरावलोकनको प्रकृयामा आएपछि त्यसलाई बदर गर्ने अधिकार नेपाल विद्युत् प्राधिकरणलाई कुनै पनि कानूनले दिएको देखिंदैन । विनियमले निर्दिष्ट गरेको विषयमा आवेदन माग्ने र सो बमोजिम रीतपूर्वक परेको आवेदनमा निर्णय नगरी सो प्रकृया नै बदर गर्ने नेपाल विद्युत् प्राधिकरणको काम कार्यविधिगत हिसावले औचित्यपूर्ण मान्न सकिने देखिएन । नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी नेपाल विद्युत् प्राधिकरणले विनियम वनाउन वा संशोधन गर्न सक्ने कुरामा विवाद रहेन तथापि यस्तो अधिकार प्रयोग गर्दा एकआपसमा विरोधाभास हुने खालका र जनमानसमा नकारात्मक प्रभाव पर्ने खालका विवादास्पद निर्णयहरु गरेको देखिँदा यो सवालमा नेपाल विद्युत् प्राधिकरणले आफूलाई जिम्मेवारढंगबाट प्रस्तुत गर्नसकेको देखिएन ।

प्रश्न नं. ३: विद्यमान कानून तथा न्यायको दृष्टिबाट हेर्दा उजुरीकर्तालाई नेपाल विद्युत् प्राधिकरणले बिलम्ब गरेर विद्युत् महसुलको छुट बिल जारी गर्न पाउने हो कि होइन ? भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा, सर्वप्रथम कानूनको दृष्टिबाट विवेचना गर्नुपर्ने देखियो:

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा २(छ) बमोजिम *"महसुल भन्नाले विद्युत् सेवा उपभोग गरे बापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत् मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर सम्झनु पर्छ"* भनी परिभाषित गरिएको छ। नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २(घ) मा *महसुल भन्नाले प्राधिकरणले विद्युत् उपलब्ध गराए बापत ग्राहकबाट लिइने विद्युत् महसुल सम्झनु पर्छ* भनी परिभाषित गरिएको छ भने विद्युत् ऐन, २०४९ को २(ङ) मा *महसुल भन्नाले सो ऐन बमोजिम विद्युत् सेवा उपलब्ध गराए बापत ग्राहकबाट लिइने शुल्क* सम्झनु पर्ने हुन्छ । त्यसैगरी तत्काल प्रचलित नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली, २०६९ को विनियम २(च) मा *महसुल भन्नाले विद्युत् उपभोग गरे बापत प्राधिकरणलाई तिर्नु वा बुझाउनु पर्ने विद्युत्‌को महसुल सम्झनु पर्छ* भनी परिभाषित गरिएको छ। सोही विनियमावलीको विनियम ४ मा *प्राधिकरणको सम्पूर्ण ग्राहकहरुले विद्युत् शक्ति खपत गरे बापत विनियमावलीको अनूसुची-१ मा उल्लेख भए बमोजिमको विद्युत् महसुल रकम (डिमाण्ड शुल्क र इनर्जी शुल्क) प्राधिकरणबाट मिटर रिडिङ्ग गरी बिलिङ गरिएको मितिले २२ औं दिनभित्र बुझाउनु पर्नेछ, र अन्य दस्तुर तथा सेवा शुल्क सोही विनियमावलीको अनुसूचि-२ मा उल्लेख भए अनुसार हुनेछ* भनिएको छ ।

नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम २ को (ट) मा *महसुल भन्नाले विद्युत् उपभोग गरे बापत ग्राहकले प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने उक्त विनियमावलीको अनुसूची १ र अनुसूची १क मा उल्लेखित मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्कलाई सम्झनु पर्छ* भनी परिभाषित गरिएको छ। सोही विनियमावलीको उपविनियम ५ को (१) मा *प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत् सेवा लिने ग्राहकहरु बाहेक अन्य ग्राहकहरुले विद्युत् शक्ति खपत गरे बापत अनुसूची १ मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ* र उपविनियम ५ को (२) मा *प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत् शक्ति खपत गरे बापत सो विनियमावलीको अनुसूची १क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ* भन्ने व्यवस्था गरेको पाइन्छ ।

विद्युत् महसुलको बिलिङ सम्बन्धी कानूनी व्यवस्थाको अवलोकन गर्दा, विद्युत् महसुल संकलन विनियमावली, २०६९ को विनियम ४ मा *प्राधिकरणको सम्पूर्ण ग्राहकहरुले विद्युत् शक्ति खपत गरे बापत सो विनियमावलीको अनूसुची -१ मा उल्लेख भए बमोजिमको विद्युत् महसुल रकम (डिमाण्ड शुल्क र*

इनर्जी शुल्क) प्राधिकरणबाट मिटर रिडिङ्ग गरी बिलिङ गरिएको मितिले २२ औं दिनभित्र बुझाउनु पर्नेछ, र अन्य दस्तुर तथा सेवा शुल्क उक्त विनियमावलीको अनुसूची- २ मा उल्लेख भए अनुसार हुनेछ भन्ने व्यवस्था छ। यसको अलावा विद्युत् वितरण विनियमावली, २०६९ मा प्राधिकरणबाट प्रत्येक महिना ग्राहकको घरमा जडान भएको मिटरमा ग्राहकले खपत गरेको विद्युत् शक्तिको नियमित रुपमा मिटर रिडिङ्ग गरी ग्राहकलाई विद्युत् खपतको बिल दिइने छ भन्ने व्यवस्था रहेको छ ।

नेपाल विद्युत् प्राधिकरणले विवादित समयावधिको छुट बक्यौता रकम भुक्तानीका लागि उजुरीकर्तालाई ढिलो गरेर मिति २०७८।०३।११ मा पत्राचार गरेको व्यहोरा सान्दर्भिक कागजातहरुबाट खुल्न आयो । नेपाल विद्युत् प्राधिकरणको अधिकारमध्ये नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २० को खण्ड (ग) मा उल्लेख भए अनुसार ग्राहकबाट विद्युत् महसुल र सेवा शुल्क उठाउने अधिकार पनि एक हो । सोही ऐनको दफा २३ मा उल्लेख भए अनुसार कुनै ग्राहकले प्राधिकरणलाई बुझाउनुपर्ने महसुल, जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्न बुझाउन पर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युत्को अनाधिकार प्रयोग गरेमा प्राधिकरणले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत् लाइन काट्न सक्ने प्रावधान छ । विवादित समयावधिमा कायम रहेको नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ को विनियम २० ले कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा अनुसूची २९ बमोजिम कार्यालय प्रमुख (तह ६ र ७) ले एकपटकमा दुई हजार रुपियाँसम्म, कार्यालय प्रमुख (तह ८ र ९) ले एकपटकमा पाँच हजार रुपियाँसम्म, क्षेत्रीय प्रमुख / क्षेत्रीय निर्देशकले एकपटकमा पचास हजार रुपियाँसम्म, महाप्रबन्धकले एकपटकमा एक लाख रुपियाँसम्म र मुख्य प्रशासकीय अधिकृतले एक पटकमा एक लाख रुपियाँभन्दा माथि जतिसुकै रकमको छुट बिल जारी गर्न सक्ने व्यवस्था रही विद्युत् प्राधिकरणले जहिलेसुकै पनि छुट बिल जारी गर्न सकिने कानूनी प्रावधान रहेको र हाल प्रचलित नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ को विनियम २७ को प्रावधानले पनि छुट बिल भनेर जतिसुकै पछि पनि ग्राहकलाई बिल जारी गर्न सक्ने प्राधिकरणको असीमित अधिकारलाई निरन्तरता दिएको देखिंदा छुट बिल भनेर जतिसुकै पछि पनि ग्राहकलाई बिल जारी गर्न सक्ने असीमित अधिकार प्राधिकरणसँग भएको नै देखियो । तसर्थ नेपाल विद्युत् प्राधिकरणले उजुरीकर्तालाई केही बिलम्ब गरेर छुट बिल जारी गरेको भए पनि नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ को विनियम २० मा भएको प्रावधान र नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ को विनियम २७ को प्रावधानको आधारमा सो कार्यलाई अन्यथा भन्न सकिने अवस्था रहेन। कानूनको दृष्टिबाट हेर्दा नेपाल विद्युत् प्राधिकरणले प्रचलित कानूनमा उल्लेख भए बमोजिम बिल, बिजक, छुट बिल जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गर्न सक्ने नै देखियो। त्यसैले नेपाल विद्युत् प्राधिकरणले विवादित समयावधिको छुट बक्यौता रकम भुक्तानीका लागि उजुरीकर्तालाई ढिलो गरेर मिति २०७८।०३।११ मा पत्राचार गरेको कार्यलाई अन्यथा भन्नु पर्ने देखिएन ।

अब यही विषयलाई न्यायको दृष्टिबाट हेर्दा छुट बिल भनेर जतिसुकै पछि पनि ग्राहकलाई बिल जारी गर्न सक्ने असीमित अधिकार नेपाल विद्युत् प्राधिकरणसँग भएकोमा सोको औचित्य स्थापित हुन्छ कि हुँदैन भन्ने सम्बन्धमा बिचार गर्दा नेपाल विद्युत् प्राधिकरणले यथा समयमा मासिक नियमित बिलमा नै समावेश गरेर नपठाई डेडिकेटेड फिडर तथा ट्रंकलाइनमार्फत विद्युत् उपभोग गरेवापतको विद्युत् महसुल बापत अलग्गै छुट बिल भनी ढिलो गरेर पठाएको कारणले समेत सो विवाद उत्कर्षमा पुगेको महसुस हुन्छ । नियमित बिलमा समावेश गर्नुपर्ने रकम कुनै कारणले छुटेको कुरा पछि पत्ता लाग्यो भने छुट बिल जारी हुने भन्ने सर्वविदितै कुरा हो। विद्युत् महसुलको बिल जारी गर्दा जति रकम उल्लेख गरेर जारी गर्नुपर्ने हो सो नभई कम रकमको बिल जारी हुनुको कारकतत्व भनेको हिसाब गर्दा हुनसक्ने मानवजन्य त्रुटि अथवा हिसाब गलत देखाउने तथा हिसाबै नदेखाउने मेशीनजन्य प्राविधिक समस्या हो। यसबाहेक सम्बन्धित कर्मचारीको लापरवाही वा बदनियतबाट पनि यदाकदा यस्तो हुन सक्दछ। यीमध्ये जुनसुकै कारण भए पनि यस्तो हुन गएको रहेछ भन्ने कुरा थाहा पाएपछि मात्र बल्ल नेपाल विद्युत् प्राधिकरणले सम्बन्धित ग्राहकलाई छुट बिल जारी गर्ने अवस्था हुन्छ र नेपाल विद्युत् प्राधिकरणका विद्यमान कानूनी प्रावधानहरु अनुसार यसको कुनै समयसीमा रहेको देखिंदैन । यसबाट उपभोक्तालाई आफूले प्रयोग गरेको विद्युत् महसुल बुझाइसकेपछि पनि ढुक्क हुने अवस्थाको सुनिश्चितता नहुने र जुनसुकै बेला छुट बिल आउन सक्ने त्रासदी भोग्नु पर्ने अवस्था विद्यमान रहेको देखिन्छ । तथापि नेपाल विद्युत् प्राधिकरणले जारी गरेको विनियमको व्यवस्थाउपर कतैबाट पनि चुनौति नदिइएको हुनाले उक्त कानूनी व्यवस्था विद्यमानै रहेको पाइन्छ । यस्तो अवस्थामा उक्त कानूनले दिएको अधिकार प्रयोग गरेको कार्यलाई कानूनका दृष्टिबाट अन्यथा भन्न मिल्ने अवस्था नभए तापनि न्यायका दृष्टिबाट हेर्दा विद्युतका उपभोक्ताहरु एउटै विषयमा अनन्तकालसम्म छुट बिल आउनसक्ने संत्रासको अवस्थामा रहिरहनु परेको अवस्थालाई न्यायोचित मान्न नसकिने भई उपभोक्ताहरुले यसबाट उन्मुक्ति पाउनु पर्ने देखियो । अधिकार र कर्तव्य एक अर्कासँग अभिन्नरुपले गाँसिएका हुन्छन् र एउटाको अभावमा अर्कोको कुनै अस्तित्व रहँदैन । ग्राहकलाई बिल जारी गर्नु प्राधिकरणको अधिकार हो भने ग्राहकलाई मनासिब समयमै बिल जारी गर्नु प्राधिकरणको कर्तव्य पनि हो। तसर्थ अधिकार र कर्तव्य एकैसाथ निर्वाह हुनु जरुरी हुन्छ । त्यसो भएन भने त्यो अधिकार सामाजिक तथा नैतिक दृष्टिले प्रयोजनबिहीन हुनजान्छ । प्राधिकरणले आफैं बनाएको नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ को विनियम २७ अनुसार छुट बिल भनेर जतिसुकै पछि पनि ग्राहकलाई बिल जारी गर्न सक्ने असीमित अधिकारको विद्यमानता हुनुलाई न्यायको दृष्टिले हेर्दा प्राधिकरणले अधिकार मात्र उपभोग गरेको तर कर्तव्यको निर्वाह गर्नेतर्फ समुचित बिचार पुर्याउन नसकेको मान्नुपर्ने हुन्छ। त्यसैले न्यायको दृष्टिबाट हेर्दा यस्तो कर्तव्य विहीनतालाई प्रोत्साहन गर्ने प्रावधान आम उपभोक्ताको हित विपरीत भएको देखिँदा सोको निवारणार्थ विद्युत् नियमन आयोगले न्यायिक सक्रियता (Judicial activism) को अवलम्बन गरी उचित आदेश जारी गर्नुपर्ने देखियो ।

प्रश्न नं ४: उजुरीकर्ताले नेपाल विद्युत् प्राधिकरणसँग डेडिकेटेड फिडर वा ट्रङ्कलाइनको सेवा माग पनि नगरेको र सो सेवा उपलब्ध गराउन नेपाल विद्युत् प्राधिकरण संचालक समितिले कुनै निर्णय पनि नगरेको भन्ने दाबी सम्बन्धमा विचार गर्दा सो सम्बन्धी तत्काल प्रचलित कानूनी व्यवस्था उपर दृष्टिगत गर्नुपर्ने हुन्छ । नेपाल विद्युत् प्राधिकरणको काम र कर्तव्यमध्ये नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९ को खण्ड (ग) मा उल्लेख भए अनुसार औद्योगिक तथा कृषि विकास तथा जनताको सुविधाको लागि आर्थिक दृष्टिले उपयुक्त क्षेत्रमा उपयुक्त स्तरको विद्युत् उत्पादन, प्रसारण र वितरणको व्यवस्था गर्ने पनि एक हो । नेपाल विद्युत् प्राधिकरणको विद्युत् वितरण विनियमावली, २०६९ को विनियम ३ मा - *"प्राधिकरणद्वारा बिक्री वितरण गरिने विद्युत् शक्तिको उपभोग गर्न चाहने व्यक्ति / सँस्थाले अनुसूची १ बमोजिमको विद्युत् आवेदन फारम भरी देहायको कागजातहरु संलग्न गरी प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा पेश गर्नुपर्ने"* - भनिएको छ । सोही विनियमावलीको विनियम ९ को उपविनियम (१) मा - *"प्राधिकरणको माथिल्लो भोल्टेजको प्रसारण लाइनबाट विद्युत् लाइन लिने कुनै ग्राहकले प्राधिकरणको स्वीकृति बिना निजी सबस्टेशन बनाई सोबाट ११ के. भी. को छुट्टाछुट्टै फिडर बनाउन पाउने छैन"* - भनिएको छ भने उपविनियम (२) मा - *"उपविनियम (१) मा जेसुकै उल्लेख भएतापनि ग्राहकको उद्योग कम्पाउण्डमा एकभन्दा बढी उद्योग संचालन गर्ने भएमा प्राधिकरणको स्वीकृति लिई ग्राहक स्वयंले आफ्नो खर्चमा ११ के. भी. वा ३३ के. भी. को फिडर बनाउन पाउनेछ । उक्त प्रत्येक फिडरबाट लाइन लिने उद्योग / व्यवसायलाई छुट्टाछुट्टै ग्राहक बनाई ग्राहकले प्रयोग गर्ने बिजुलीको भोल्टेज स्तर अनुसार तोकिएको महसुल ग्राहकले बुझाउनुपर्नेछ"* - भनिएको छ । सोही विनियमावलीको विनियम १९ को उपविनियम (१) मा - *"प्राधिकरणबाट प्रत्येक महिना ग्राहकको घरमा जडान भएको मिटरमा ग्राहकले खपत गरेको विद्युत् शक्तिको नियमितरुपमा मिटर रिडिङ गरी ग्राहकलाई विद्युत् खपतको बिल दिइनेछ"* - भनिएको छ भने सोही विनियमको उपविनियम (७) मा नियमितरुपमा मिटर रिडिङ नगर्ने कर्मचारी र निज उपर कारवाही नगर्ने जिम्मेवार कर्मचारीलाई विभागीय कारबाही गर्ने प्रावधान रहेको छ ।

डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल विवादको पृष्ठभूमिको अवलोकन गर्दा नेपाल विद्युत् प्राधिकरण र उसका औद्योगिक ग्राहकहरुका बीचमा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल सम्बन्धमा उत्पन्न भएको विवादित अवधि शुरुमा नेपाल विद्युत् प्राधिकरणले २०७२ साउनदेखि २०७७ असारसम्मको समयावधि हो भनी बक्यौता असुलीको प्रकृया अगाडि बढाएको देखिन्छ । सो विषयमा विवाद उठेपछि डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल असुली सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१।१।२७ मा भएको निर्णयमा उक्त विवादित समयावधिलाई तीन खण्डमा विभाजन गरेको देखिन्छ, जसमध्ये २०७२ साउनदेखि २०७२ पुससम्मलाई विवादमा रहेको प्रथम अवधि भनिएको छ र यो अवधिमा लोडसेडिङ कायम रहेको भए तापनि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले महसुल निर्धारण गरेको नदेखिएको तर यस सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकोले अदालतबाट अन्तिम फैसला भए बमोजिम हुने गरी हाललाई उक्त अवधिको डेडिकेटेड तथा ट्रङ्क लाइन बापतको थप महसुल

नलिने भनिएको छ । त्यसै गरी २०७२ माघदेखि २०७५ बैशाखसम्मलाई विवादमा रहेको दोस्रो अवधि भनिएको छ र यो अवधिमा लोडसेडिङ कायम रहेको र तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले महसुल निर्धारण गरिसकेको अवस्था भएकोले नेपाल विद्युत् प्राधिकरणको महसुल गणना गर्ने सम्बन्धी तत्काल प्रचलित कानून बमोजिम महसुल गणना गरी उक्त अवधिको डेडिकेटेड तथा ट्रङ्क लाइन बापतको थप महसुल लिने भनिएको छ । *२०७५ जेठदेखि २०७७ असारसम्मको अवधिलाई विवादमा रहेको तेस्रो अवधि भनिएको छ र सो अवधिमा लोडसेडिङ पूर्णरुपमा अन्त्य भएकोले उक्त अवधिको डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको थप महसुल नलिने भनिएको छ ।* नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम स्थापित नेपाल विद्युत् प्राधिकरण भनेको नेपाल सरकारको स्वामित्वमा रहेको सँस्था भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१।१।२७ मा भएको उक्त निर्णय सो सँस्थाले पालन गर्नु पर्ने भई *सोही निर्णय* अनुसार महसुल असुलीको कारवाही अगाडि बढेको देखिन्छ । प्रस्तुत विवादको हकमा पनि उजुरीकर्ताले उजुरीमा उल्लेख गरे अनुसार र नेपाल विद्युत् प्राधिकरणको मिति २०८१।६।२२ च नं २५९ को यिनै उजुरीकर्तालाई सम्बोधित पत्रमा उल्लेख भए अनुसार समेत सो विवादित समयावधि २०७२ माघदेखि २०७५ बैशाखसम्म नै भएको देखिन्छ । हाल ट्रंक लाइनबाट विद्युत् आपूर्ति भइरहेका निज उजुरीकर्ता पन्चकन्या स्टिल प्रा. लि. ले डेडिकेटेड फिडर सरह आपूर्ति लिन आफूले निवेदन नदिएको र नेपाल विद्युत् प्राधिकरण संचालक समितिबाट समेत कुनै निर्णय नभएको साथै दैनिक २० घण्टाभन्दा बढी विद्युत् आपूर्ति पनि नभएकोले आफूले थप महसुल तिर्नुबुझाउनु नपर्ने भन्ने दाबी गर्नुभएको पाइयो । तर निजले ट्रंक लाइनबाट विद्युत् आपूर्ति लिँदै नलिएको भन्ने दावी पुष्टि गर्न सकेको अवस्था भने देखिएन।

यसै सन्दर्भमा विद्युत् नियमन आयोगले स्थलगत निरीक्षण गर्न खटाएको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरी आयोगमा पेश गरेको प्रतिवेदनमा उल्लेखित व्यहोराउपर मध्यनजर गर्दा नेपाल विद्युत् प्राधिकरणले पेश गरेको मिति २०७४ भाद्रदेखि मिति २०७५ भाद्रसम्म पञ्चकन्या स्टिल प्रा.लि. को ऊर्जा खपतको मासिक महसुल विवरण बमोजिम उच्चतम भार सम्बन्धित महसुल (डिमान्ड चार्ज) र उर्जा खपत सम्बन्धी महसुल (ईनर्जी चार्ज) को अवस्था हेर्दा मिति २०७४ मङ्सिर देखि २०७५ वैशाखसम्मको अवधिमा तुलनात्मक रुपमा कम विद्युत् खपत गरेको देखियो। यस सम्बन्धमा डिमाण्ड चार्जको स्थिति हेर्दा २०७५ बैशाख पश्चातका महिनामा जस्तो अधिकतम क्षमतामा उद्योग नचली १/३ वा सो भन्दा कम क्षमतामा चलेको देखिन आयो। यद्यपि उक्त तथ्यांक बमोजिम विद्युत् खपत नगरेको भन्ने देखिन आएन। सो विषय वहसको क्रममा निज उजुरीकर्ताले विवादित अवधिमा टि१, टि२ र टि३ को समयावधिमा समेत विद्युत् खपत गरेको स्वीकार गरेकै पाइयो। जुन कुरा तल चित्र १ मा देखिन्छ।




*चित्र १ उजुरीकर्ता उद्योगमा विवादित समयखण्डको विद्युत् खपतको अवस्था*

नेपाल जस्तो कमजोर विद्युत् प्रणाली भएको देशमा Integrated Power System मा विद्युतीय भार व्यवस्थापन, आपूर्ति र मागलाई सन्तुलनमा राख्न आफैमा कठिन र चुनौतीपूर्ण हुने सन्दर्भमा प्राविधिक तथा नेपाल विद्युत् प्राधिकरणको नियन्त्रण बाहिरको अन्य कारण (जस्तै हावा हुरी, ओभरलोडिङ लगायत) ले गर्दा लाइन ट्रीप हुनु सामान्य नै हुने हुँदा सो अवस्थालाई अन्यथा मान्न सकिएन। नेपाल विद्युत् प्राधिकरणले पेश गरेको नमुना प्राविधिक तथ्यहरूको विश्लेषणको आधारमा हेर्दा लाइन ट्रीप/ शटडाउन भएको देखिए तापनि प्राय जसो लाइन समयमै चार्ज गरी विद्युत् प्रवाह सुचारु गरेकै देखिन आयो। यस आधारमा हेर्दा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायबाट महसुल दर निर्धारण भइसकेको अवस्थामा उजुरीकर्ताले आफ्नो खपत अनुसारको महसुल भुक्तानी गर्नु पर्ने नै देखिन आयो।

अब डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको विशेष महसुल सम्बन्धी कानूनी व्यवस्था उपर दृष्टिगत गर्दा विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैरव्यापारिक वर्गका ग्राहकहरुले विद्युत् शक्ति खपत गरे वापत सोही विनियमावलीको अनुसूची १ (क) मा उल्लेख भएबमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्ने भन्ने व्यवस्था रहेको छ। सोही विनियमावलीको विनियम २(ग) बमोजिम "ट्रंक लाइन भन्नाले प्राधिकरणको एक सबस्टेशनबाट अर्को सबस्टेशनसम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ" भनी परिभाषित गरिएको छ। सोही विनियमावलीको विनियम ५(५) अनुसार ३३ के.भि. ट्रंकलाइन तथा ११ के.भि. रिंगमेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत् आपूर्ति गरिने छैन भनिएको छ। सो प्रावधान अनुसार अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक

लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्ने र यस्तो सेवा लिन स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण संचालक समितिबाट स्वीकृति लिनु पर्ने हुन्छ । यो प्रावधान हेर्दा जसले साविकदेखि नै ट्रङ्कलाइनबाट विद्युत् आपूर्ति लिइरहेको छ उसले सोही आपूर्तिलाई निरन्तरता दिनका लागि निवेदन दिइरहनुपर्दैन भन्ने देखिन्छ ।

अब नेपाल विद्युत् प्राधिकरणको मिति २०७२।०३।१२ को निर्णय तथा उक्त निर्णयलाई स्वीकृत गर्ने सक्षम निकाय तत्कालीन विद्युत् महसुल निर्धारण आयोग रहेको र उक्त आयोगद्वारा गरिएको निर्णयमा विशेष दर निर्धारणको औचित्य ग्राहकले सो सुविधा माग गरेको वा नगरेको विषयमा भन्दा पनि उक्त ग्राहकले डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् उपयोग (Electricity Consumption) गरेको हो वा हैन भन्ने तथ्यमा आधारित हुने देखियो। महसुल निर्धारणको प्रयोजनका लागि ग्राहकको औपचारिक मागभन्दा पनि व्यवहारमा उपयोग वा खपत भइरहेको विद्युत् आपूर्तिको संरचना निर्णायक हुने देखिन्छ । निज निवेदकले स्थापनाकालदेखि नै नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् आपूर्ति लिँदै आएको भए तापनि साविकमा भैरहवा NEW १३३ के.भी. फिडरमार्फत विद्युत् आपूर्ति भइरहेको अवस्थामा उक्त फिडरमा अत्यधिक चाप पर्न गएको कारणबाट प्राधिकरणद्वारा भारौलिया फिडर अन्तर्गत डेडिकेटेड वा ट्रंक लाइनको प्रकृतिको संरचनाबाट विद्युत् उपलब्ध गराइएको तथ्य स्वयं निवेदकबाट स्वीकार गरिएको देखिन्छ । यसबाट निवेदकले व्यवहारमा विशेष प्रकारको विद्युत् आपूर्ति संरचनाबाट विद्युत् उपयोग गरिरहेको तथ्यमा विवाद रहेको देखिदैन ।

सो सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०९।२४ को निर्णयबाट डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुल सम्बन्धमा छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित जाँचबुझ आयोगले नेपाल सरकारलाई बुझाएको र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०७।२५ को निर्णयबाट सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख भए बमोजिम "....*औद्योगिक ग्राहकहरुले डेडिकेटेड फिडर वा ट्रंक लाइन माग नगरेकै हुनाले उनीहरुले त्यसको बिल भुक्तानी गर्नु पर्दैन, भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा, माग गरेका वा नगरेका भन्दा पनि लोडसेडिङका बखत विद्युत् प्राधिकरणबाट वितरित सो विशेष परिभाषा अनुसारको डेडिकेटेड फिडर वा ट्रंक लाइन प्रयोग गरे नगरेकोसंग सम्बन्धित देखिन्छ । लोडसेडिङका बखत वितरित लाइन निजहरुको इच्छा बेगर नै निजहरुले प्रयोग गरे होला भन्न सकिने अवस्था पनि भएन*" भन्ने व्यहोरासम्मको निष्कर्ष रहेको पाइयो ।

त्यसैगरी उच्च अदालत पाटनबाट मिति २०७६/०६/०५ मा अर्घाखाँची सिमेन्ट प्रा.लि. समेतको मुद्दा नं ०७५-WO-०७०१ मा "....*हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरुले डेडिकेटेड फिडर सरह आपूर्ति लिन संचालक समिति समक्ष निवेदन दिई स्वीकृति लिनु पर्नेमा आफूले निवेदन नदिएको र संचालक समितिबाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दावी भएता पनि निवेदकले ट्रंक लाइनबाट विद्युत्*

*आपूर्ति नै नलिएको भन्ने दावी लिन सकेको अवस्था देखिदैन् । वस्तुतः ऊर्जा महसुल ट्रंक लाइन वा डेडिकेटेड फिडरको संरचनामा लाग्ने नभई सो संरचना मार्फत खपत भएको ऊर्जामा लाग्ने भएकोले आफूले खपत भएको ऊर्जा वापत विनियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसुल विनियम ५(५) को प्रक्रिया पुरा नगरेको आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने देखिन आएन"* भन्ने फैसला भएको पाइन्छ ।

त्यस्तै विद्युत् महसुल निर्धारण आयोगको मिति २०७२ पौष २९ को १०३ औं बैठकद्वारा डेडिकेटेड फिडरको महसुल दर कायम नहुँदासम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले २०७२/०३/१२ मा गरेको निर्णयलाई स्वीकृत गर्ने निर्णय भएको देखिन आयो । तदनुसार सोही आयोगद्वारा २०७२ माघ १० को १०४ औं बैठकबाट १०३ औं बैठकको निर्णयसंग सम्बन्धित व्यहोरा समावेश गरी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय भएको देखिन्छ । अब त्यस्तो सार्वजनिक सूचना प्रकाशित भएको मितिदेखि नयाँ महसुल दर लागू हुने सर्वमान्य कानूनी मान्यता रहनुका साथै शिवम सिमेन्ट्स् विरुद्ध नेपाल विद्युत् प्राधिकरण समेत रहेको मुद्दामा मिति २०७५।७।२० मा सम्मानित सर्वोच्च अदालतबाट विद्युत् महसुल निर्धारण आयोगले विधिवत् रुपमा महसुल दर निर्धारण गरे पश्चात मात्र त्यस्तो महसुल दर लागु हुने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस अतिरिक्त विद्युत् महसुल निर्धारण आयोगकै मिति २०७३ असार १६ को १०८ औं बैठकद्वारा "लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइन बाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएको देखिन्छ ।

यसरी विद्युत् महसुल निर्धारण आयोगको निर्णय बमोजिम विशेष दर निर्धारण गरिएको अवस्थामा सो अवधिमा डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् उपयोग गर्ने अन्य औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक ग्राहकहरूलाई अधिकारप्राप्त सक्षम निकायबाट निर्धारण भएको महसुल दर लागु हुने अवस्था विद्यमान रहेको देखिन्छ । समान प्रकृतिका अन्य धेरै औद्योगिक ग्राहकहरुले सो महसुल दर स्वीकार गरेको अवस्था रहेकोले समान प्रकृतिका औद्योगिक ग्राहकहरूमा समान महसुल दर लागु गरिनु नियामकीय समानता (Principle of Regulatory Equality) तथा भेदभावरहित व्यवहार (Principle of Non-Discrimination) को सिद्धान्तअनुरूप नै हुने हुँदा निवेदकलाई मात्र उक्त विशेष दरको दायराबाहिर राख्नु अनुपयुक्त हुने देखिन्छ । तसर्थ, निवेदकले विशेष सुविधा औपचारिक रूपमा माग नगरेको भन्ने कारणले मात्र डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् उपयोग गरेको अवस्थामा लागु हुने विशेष दरवाट निवेदकलाई उन्मुक्ति दिन न्यायोचित हुने देखिँदैन । यस आधारमा नेपाल विद्युत् प्राधिकरणको मिति २०७२।०३।१२ को निर्णय बमोजिम प्रस्तावित तथा विद्युत् महसुल निर्धारण आयोगको १०८ औं बैठकको निर्णयबाट स्वीकृत त्यस्तो विशेष महसुल दर निवेदक उजूरीकर्ताको हकमा पनि आकर्षित हुने

नै देखिन्छ । अतः उजुरीकर्ता निवेदकको डेडिकेटेड संरचना नरहेको एवं तत्कालिन विद्युत् महसुल निर्धारण आयोगको १०३ औं तथा १०८ औं बैठकको विशेष दर निज उद्योगको हकमा लागु वा गर्नुपर्ने अवस्था विद्यमान नरहेको भन्ने दावी नपुग्ने देखियो ।

सोही पृष्ठभूमिमा निज उजुरीकर्तालाई आपूर्ति भएको विद्युत् वितरण प्रणालीको प्रकृति उपर दृष्टिगोचर गर्दा भरौलिया सबस्टेशनदेखि अमुवा सबस्टेशन जोड्ने ३३ के भी ट्रङ्क लाइनबाट ट्यापिङ गरी निज उजुरीकर्ता उद्योगलाई विद्युत् आपूर्ति भएको कुरा मिसिल संलग्न कागजातहरुबाट पुष्टि हुन आयो । यो भनेको प्राविधिक हिसाबले ट्रङ्कलाइन नै हो भन्ने कुरामा दुविधा भएन । ट्रङ्कलाइनबाट विद्युत् आपूर्ति लिने ग्राहकको लागि डेडिकेटेड फिडर सरह विद्युत् महसुल लाग्ने भनी तत्कालीन विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०७३।०३।१६ मा निर्णय भएकै देखियो । उक्त ट्रङकलाइन वितरण प्रणालीबाट वितरित विद्युत् उपयोग गरेर उद्योग संचालन भएको हुँदा उक्त वितरित विद्युत् निजले उपयोग गरेको कुरामा पनि दुविधा भएन ।

हाल प्रचलित User pays principle लाई समकालीन विश्वले सर्वत्र अङ्गीकार गरेको पाइन्छ जस अनुसार बस्तु सेवा वा संरचनाको उपयोग गर्ने कुनै पनि उपभोक्ताले त्यस बापतको लाग्ने महसुल सेवाप्रदायकलाई तिर्नुपर्दछ । तसर्थ आफूले माग नगरेको भन्ने आधार लिँदैमा वितरित विद्युत् उपयोग गरेर उद्योग संचालन भएको अवस्थामा डेडिकेटेड फिडर सरहको महसुल तिर्नुबुझाउनु नपर्ने भन्ने देखिन आएन । संरचनाका दृष्टिले ट्रंक लाइनबाट विद्युत् आपूर्ति भएकै देखियो र थप महसुल लाग्ने नै देखियो । त्यसैले उल्लेखित ग्राहकले सम्पन्न गर्नुपर्ने प्रकृया पुरा नभएको भन्ने आधार लिंदैमा आफूले खपत गरेको विद्युत् वापत विनियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने "डेडिकेटेड फिडर लाइनको सरह विद्युत् महसुल" उजुरीकर्ता कम्पनीको हकमा आकर्षित नहुने भन्ने पनि देखिन आएन । उक्त भाष्यलाई थप पुष्टि गर्न सो विवादित समयावधिमा उजुरीकर्ताले विद्युत् खपत गरेको थियो भन्ने कुराको यकिन हुनु नै पर्याप्त हुन आउँछ ।

त्यसैगरी मिसिल तथा संलग्न प्रमाणहरूको परीक्षण गर्दा तत्कालीन नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिको मिति २०७१/१०/२५ मा सम्पन्न ६९९औं बैठकबाट सञ्चालक मनोज कुमार मिश्रको संयोजकत्वमा औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका उपभोक्तालाई Dedicated Feeder मार्फत विद्युत् आपूर्ति गर्ने सम्वन्धमा आवश्यक मापदण्ड निर्माण गर्न उपसमिति गठन गरिएको देखिन्छ। उक्त उपसमितिले नेपाल विद्युत् प्राधिकरणमा पेश गरेको र नेपाल विद्युत् प्राधिकरण संचालक समितिको मिति २०७२।३।१२ को ७१०औं बैठकले स्वीकृत गरेको प्रतिवेदनमा अन्य कुराको अलावा Dedicated Feeder तथा Separate Feeder मार्फत विद्युत् आपूर्ति हुने उपभोक्ताहरूलाई वर्गीकरण गरी (क) दैनिक २४ सै घण्टा निरन्तर विद्युत् सेवा प्राप्त गर्ने वर्ग, र (ख) लोडसेडिङमा समावेश हुने वर्ग, गरी दुई भागमा

विभाजन गरेको पाइन्छ। तथापि दुवै वर्गका उपभोक्ताहरूका लागि निम्नलिखित शब्दमा महसुल दर सिफारिस गरिएको देखिन्छः
"डेडीकेटेड फिडरमार्फत निरन्तर रुपमा दैनिक २४ सै घण्टा विद्युत् आपूर्ति हुने औद्योगिक तथा व्यापारिक वर्गका ग्राहकहरुलाई डेडीकेटेड वर्गमा राख्नु पर्दछ। यस प्रकार डेडीकेटेड फिडर मार्फत विद्युत् आपूर्तिको व्यवस्था भई लोडसेडिङ अवधि घटाउने ग्राहकले यस्तो आपूर्ति व्यवस्थाको लागि नयाँ विद्युत् महसुल बुझाउनु पर्ने हुन्छ"

यसर्थ डेडिकेटेड फिडरमार्फत दैनिक २४ सै घण्टा निरन्तर विद्युत् आपूर्ति प्राप्त गर्ने औद्योगिक तथा व्यापारिक वर्गका उपभोक्ताहरूलाई "डेडिकेटेड" वर्गमा समावेश गर्नुपर्ने तथा यस प्रकारको आपूर्ति व्यवस्थाबाट लोडसेडिङ अवधि न्यूनीकरण हुने भएमा त्यस्ता उपभोक्ताहरूले समेत उक्त विशेष सेवा वापत निर्धारण गरिएको नयाँ विद्युत् महसुल तिर्नुपर्ने व्यवस्था प्रस्तावित गरिएको देखिन्छ। यसरी उपर्युक्त दुवै वर्ग अन्तर्गत पर्ने उपभोक्ताहरूका हकमा नेपाल विद्युत् प्राधिकरणको मिति २०७२/०३/१२ मा सम्पन्न ७१०औं बैठकबाट प्रस्तावित भई तत्कालीन विद्युत् महसुल निर्धारण आयोगबाट अनुमोदित भएको नयाँ विद्युत् महसुल दर नै लागू हुने स्पष्ट देखिन्छ।

उजुरीकर्ताको आफूले डेडिकेटेड वा ट्रंक लाइनको माग नै नगरेको भन्ने प्रश्नमा थप बिचार गर्नुपर्ने कुरा के छ भने उजुरीकर्ता/पक्ष औद्योगिक ग्राहक भएको कुरामा कुनै द्विविधा छैन र उजुरीकर्ता उद्योगलाई नेपाल विद्युत् प्राधिकरणले विवादित अवधिभन्दा धेरै पहिलेदेखि नै विद्युत् उपलब्ध गराइरहेको अवस्था छ। चरम विद्युत् संकटले मुलुकलाई गाँजेको अवस्थामा पनि उक्त उद्योगले ट्रंकलाइनको बिशेष व्यवस्था मार्फत विद्युत् प्राप्त गरेको अवस्था थियो भने विपक्षी नेपाल विद्युत् प्राधिकरणले हर सम्भव उपाय गरेर ट्रंक लाइन मार्फत विद्युत् प्रवाह गरेको अवस्था देखिन्छ। यस सम्बन्धमा नेपाल विद्युत् प्राधिकरणको काम, कर्तव्य र भूमिकालाइ पनि मिहिन रुपमा हेरियो भने उसले लिएका निर्णयहरुलाई बुझ्न सघाउने देखिन्छ। प्रसारण लाइन, यससँग सम्बन्धित पूर्वाधारहरुको लोड क्षमता, किफायती र सुरक्षित प्रयोग, उत्पादन, माग, खपत आदिलाई बिचार गरेर नेपाल विद्युत् प्राधिकरणले लोड व्यवस्थापन गर्नुपर्ने कानूनी दायित्व रहेको देखिन्छ। साथै विद्युत् आपूर्ति गर्ने क्रममा राष्ट्रिय पूर्वाधारहरुको उत्तम र सुरक्षित प्रयोगतर्फ पनि संवेदनशील हुन जरूरी देखिन्छ। तसर्थ विद्युत् शक्तिको वितरण गर्दा ग्राहकको प्रयोगको उद्देश्य र विद्युत् शक्ति प्रयोग गर्ने क्रममा अनावश्यक वाधा व्यवधान नहुने गरी विद्युत् वितरण गर्नु नेपाल विद्युत् प्राधिकरणको दायित्व हुनजान्छ र यसका लागि नेपाल विद्युत् प्राधिकरणसँग पूर्वाधारहरुको लोड क्षमता र भार अनुसार विद्युत् जडानको उद्गम विन्दु (Connection Point or Origin) निर्धारण गर्न सक्ने अधिकार भएको नै मान्नु पर्ने हुन्छ । कुनै पनि ग्राहकले आफूलाई केवल अमुक प्रसारण लाइन वा अमुक विद्युत् पोल वा जडान विन्दु (Connection Point or Origin)बाट मात्र विद्युत् वितरण गरिनुपर्दछ भन्ने माग राख्न पाउने अधिकार छ भन्ने ठान्नु व्यवहारिक देखिदैन। विद्युत् प्रसारणका पूर्वाधारहरु राष्ट्रका समग्र ऊर्जा

नीतिबाट पनि निर्देशित हुने हुँदा परिवर्तित नीति र कार्ययोजना अनुसार सो बमोजिमको प्रसारण र वितरण व्यवस्था अपनाउन नेपाल विद्युत् प्राधिकरण सक्षम भएको नै मान्नुपर्ने हुन्छ। उजुरीकर्ताले आफ्नो उजुरीमा के कसरी उक्त आपूर्ति परिवर्तनले उद्योगको बिजुलीको प्रयोगको उद्देश्यमा असर परेको हो, वा उद्योगलाई विद्युत् शक्तिको प्रयोगमा के कस्तो बाधा व्यवधान आइपरेको हो भन्ने खुलाउन सकेको देखिँदैन। उपलब्ध मिसिल प्रमाणको अध्ययन गर्दा पनि ट्रंकलाइनबाट विद्युत् शक्तिको खपत सुरु गरेबाट उद्योगको उत्पादन स्थिर रुपमा नै बृद्धि भएको देखिँदा उद्योगलाई आफ्नो कार्य संचालन र उत्पादनमा सहयोग पुगेको र मिलेको नै देखिएको हुँदा उजुरीकर्ताको आफूले डेडिकेटेड वा ट्रंक लाइनको माग नै नगरेको भन्ने आधारमा मात्र उजुरीकर्तालाई डेडिकेटेड वा ट्रंक लाइनमा लाग्ने महसुल शुल्क नलाग्ने भन्ने तर्कमा सहमत हुन सकिने देखिएन। विद्युत् वितरणका लागि ग्राहकको उपभोग क्षमता र माग समेतलाई दृष्टिगत गरी विभिन्न खालका लाइनको प्रबन्ध गर्ने जिम्मेवारी प्रत्यर्थीको रहेको देखिन्छ र सोही अनुरुप विभिन्न क्षमताका प्रसारण र वितरण लाइनहरुको निर्माण प्रत्यर्थीले गरेको हुँदा कुन वितरण लाइनको उपयोग कसरी गर्ने भन्ने योजना अनुरुप कुनै पनि ग्राहकलाई विद्युत् आपूर्ति कुन वितरण लाइनमार्फत गर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार प्रत्यर्थीलाई भएको नै मान्नुपर्ने हुन्छ। उजुरीकर्ता उद्योगले डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् आपूर्तिको माग गरेको वा नगरेको भन्ने प्रश्न प्रधान बिषय नभएर यो विवादमा जोडिएको मुख्य प्रश्न भनेको लोडसेडिंगका बखत विद्युत् प्राधिकरणबाट वितरित विद्युत् उजुरीकर्ता उद्योगले डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत प्रयोग गरेको वा नगरेकोसँग सम्बन्धित देखिन्छ र उक्त समयमा ट्रंक लाइन र डेडिकेटेड फिडरको पूर्वाधारको पहुँच मुख्य बिषय रहेको देखिन्छ। तसर्थ डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् आपूर्तिको माग नै नगरेको कारणले त्यसको बिल भुक्तानी नै गर्नु पर्दैन भन्ने दाबीसँग सहमत हुने हो भने लोडसेडिंगका बखत वितरित लाइन निजहरुको इच्छा बेगर नै निजहरुले प्रयोग गरेको होला भनी मान्नुपर्ने हुन्छ, साथै उक्त समयमा ट्रंक लाइन र डेडिकेटेड फिडरको पूर्वाधारको पहुँच निज उद्योगलाई थिएन भन्ने गलत निष्कर्षमा पुग्नुपर्ने हुन्छ, जबकि उजुरीकर्ताको मागदावीमा समेत सो दाबी र सो सँग सम्बन्धित प्रमाण समावेश भएको देखिदैन। यस सम्बन्धमा डेडिकेटेड फिडर र ट्रंक लाइनको व्यवस्था कस्तो समयमा भएको थियो सो बुझ्न पनि आवश्यक हुन्छ । उद्योग व्यवसायीको विद्युत् मागलाई सम्बोधन गर्दा आम जनताको मागलाई सीमित गर्नुपर्ने अवस्थामा आम जनतालाई गरिनुपर्ने विद्युत्को आपूर्तिलाई घटाएर उद्योग र कलकारखानालाई डेडिकेटेड फिडर र ट्रंक लाइन मार्फत विद्युत् दिइएको अवस्था देखिन्छ ।तसर्थ आमजनताको पक्षबाट हेर्दा उनीहरुको घरमा लोडसेडिंगको समय केही बढाएर उद्योग र कलकारखानालाई डेडिकेटेड फिडर र ट्रंक लाइन मार्फत विद्युत् दिएको कुरामा कुनै विवाद गर्नसक्ने ठाउँ देखिदैन । प्रत्यर्थीले त्यस्तो कदम चाल्नुपर्ने कारणतर्फ विचार गर्दा उद्योग र कलकारखाना सामान्यता चल्न पायो भने त्यसले मुलुकको आर्थिक अवस्थामा सकारात्मक प्रभाव पार्ने र त्यसरी अतिरिक्त समयमा अतिरिक्त लोड प्रयोग गरे बापत डेडिकेटेड फिडर र ट्रंक लाइन मार्फत लिइएको विद्युत् युनिटको हदसम्म मात्र अतिरिक्त शुल्क लिने प्राधिकरणको महसुल प्रस्तावलाई विद्युत् महसुल निर्धारण आयोगले १०८ औ बैठकबाट स्वीकृत गरेको नै अवस्था भएको देखिन्छ ।

यस अघि गरिएको विवेचनाबाट सो समयावधिमा निज उजुरीकर्ताले विद्युत् खपत गरेको कुरामा कुनै सन्देह रहेन । साथै यो विषयलाई सामाजिक तथा नैतिक पक्षबाट हेर्दा पनि के देखिन्छ भने विवादित समयावधि भनेको देश र समाजले चरम ऊर्जा सङ्कट र लोडसेडिङको सामना गरिरहेको जटिल समय हो । यस्तो परिस्थितिका बावजुद पनि निज उजुरीकर्ता पन्चकन्या स्टिल प्रा.लि. ले ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेको र देशभर सर्वसाधारण आम गार्हस्थ्य उपभोक्ताहरु विद्युत् आपूर्तिबाट बन्चित हुनुपरेको अवस्था हो । पन्चकन्या स्टिल प्रा.लि. भनेको प्रचलित कानून बमोजिम संस्थापित एउटा प्रतिष्ठित कम्पनी हो र यो कम्पनीले आफ्नो प्रवन्धपत्र र नियमावलीमा उल्लेखित कुराको अलावा आफ्नो सामाजिक प्रतिष्ठा र वर्चस्वलाई कायम राख्न विवादित बक्यौता विद्युत् महसुल भुक्तानी गर्नु उसको सामाजिक तथा नैतिक कर्तव्य र दायित्व पनि हुन आउँछ भन्ने कुरालाई आत्मसात् गर्दा र समान प्रकृतिका अन्य धेरै ग्राहकहरुले महसुल बुझाएको कुरालाई मध्यनजर गर्दा तथा सामाजिक न्यायलाई दृष्टिगत गर्दा समेत निजले उक्त महसुल बुझाउने दायित्वबाट उन्मुक्ति पाउनु पर्ने देखिएन ।

प्रश्न नं. ५: नेपाल विद्युत् प्राधिकरणसँग विवादित महसुल रकमको टीओडी डाटा नै नभएकोले विवादित महसुल बुझाउनु पर्ने होइन भन्ने उजुरीकर्ताको दावी पुग्ने हो कि होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा, नेपाल विद्युत् प्राधिकरणको मिटर सम्बन्धी कानूनी व्यवस्थालाई हेर्नु पर्ने हुन्छ । विद्युत् नियमावली, २०५० को नियम २(झ) मा *"ऊर्जामापक यन्त्र" भन्नाले विद्युत्को खपत भएको युनिट देखाउने यन्त्र (मिटर) सम्झनु पर्छ* भनिएको छ भने नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली, २०६९ को विनियम २(झ) मा *मिटर भन्नाले विद्युत्को खपत नाप गर्ने जडित यन्त्र सम्झनु पर्छ* भनिएको छ । नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ को २(च) मा *मिटर भन्नाले प्राधिकरणले विद्युत्को खपत/उच्चतम माग वा दुबै नाप गर्न ग्राहकको घरमा जडान गरेको यन्त्र सम्झनु पर्छ* भनिएको छ । नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम २(ड) बमोजिम *"मिटर" भन्नाले विद्युत्को खपत नाप गर्ने जडित यन्त्र सम्झनुपर्छ* भनिएको छ ।

मिटर जडान गर्नु पर्ने सम्बन्धी कानूनी व्यवस्थालाई दृष्टिगत गर्दा, नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०६९ को विनियम ८(१) मा *ग्राहकले उपभोग गरेको विद्युत् खपत वा उच्चतम माग वा दुबै नाप गर्न प्राधिकरणले तोकिएको रकम लिई ग्राहकको घर जग्गामा मिटर जडान गर्ने छ* भनिएको छ भने सोही विनियमावलीको ८(५) मा *प्राधिकरणले एच.टी. मिटरिङ्ग जडान गर्दा ग्राहकबाट यस्तो मिटरिङ्ग युनिटलाई बन्द (Off) वा अलग (Isolate) गर्न नसकिने गरी निजले जडान गरेको आइसोलेटर अथवा कटआउट फ्युज भन्दा अगाडि पट्टी (मेन लाइन तर्फ) जडान गर्नु पर्नेछ* भन्ने व्यवस्था गरेको छ। विनियम ८(६) मा *२०० के.भी.ए. वा सो भन्दा बढी क्षमताको ट्रान्सफरमर जडान गर्ने ग्राहकको मा एच.टी. मिटरिङ युनिट र सो भन्दा कम क्षमताको ट्रान्सफर जडान गर्ने ग्राहकको मा आवश्यकता अनुसार एल.टी मिटर जडान गर्नुपर्नेछ र २५ के.भी.ए. वा सो भन्दा माथिको स्वीकृत लोडमा **Demand** मिटर*

*जडान गरिनेछ* भनिएको छ । विनियम ८(७) मा *५ एम भी ए वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहककोमा अनिवार्य रुपले छुट्टाछुट्टै ०.५ **Accuracy Class** को मिटरिङ्ग यूनिट र ०.२ **Accuracy Class** को **Main** तथा **Check** मिटर जडान गर्नु पर्नेछ* भनिएको छ । सोही विनियमावलीको विनियम ८(८) मा *प्राधिकरण वा ग्राहकले बनाएको छुट्टै विद्युत् लाइनमा पनि मिटर वा मिटरिङ्ग युनिट ग्राहकको घर कम्पाउण्डमा जडान गर्नु पर्नेछ* भनिएको छ र विनियम ८(९) मा *मिटर र सो भन्दा अगाडि (मेन लाइन तर्फको) जडान भएको विद्युत् लाइन प्राधिकरणको नियन्त्रणमा रहने छ* भन्ने स्पष्ट व्यवस्था गरिएको छ ।

TOD (Time of day) सम्बन्धी कानूनी व्यवस्थाको अवलोकन गर्दा, नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१०) ले TOD *मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि.(वितरण तथा ग्राहक सेवा निर्देशनालय) मा पठाउनु पर्नेछ; उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइने* भनिएको छ । सोही विनियमावलीको विनियमको ५(११) मा *माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा* TOD *मिटर जडान गरी बिलिङ गरिनेछ* भनिएको छ ।

माथि उल्लेखित कानूनी प्रावधानबमोजिम माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ, गर्नुपर्ने हुन्छ र TOD मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि.(वितरण तथा ग्राहक सेवा निर्देशनालय) मा पठाउनु पर्ने हुन्छ। उक्त कार्य गरे गराएको नपाइएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइने व्यवस्थासमेत गरिएको छ । विद्युत् महसुल सङ्कलन विनियमावली, २०७३ को उक्त प्रावधानलाई हाल विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ को विनियम ५ ले पनि आत्मसात् गरी "TOD मिटर जडान भएका उपभोक्ताहरुको हकमा हरेक वर्षको चैत्र महिनामा वार्षिक मिटर रिडीङ तथा लोड प्रोफाइल सहितको डाटा डाउनलोड प्रतिवेदन सम्वन्धित कार्यालयले तालुकको प्रादेशिक/डिभिजन कार्यालय र वितरण तथा ग्राहक सेवा निर्देशनालयमा पठाउनु पर्छ। उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइने" भन्ने व्यवस्था गरेको छ ।

उजुरीकर्ताले नेपाल विद्युत् प्राधिकरणसँग टीओडी मिटरको डाटा नै नभएको भन्ने दावी लिएकोमा टीओडी मिटर डाटा सुरक्षित छ कि छैन भनी नेपाल विद्युत् प्राधिकरणलाई सोधनी गरिएकोमा नेपाल विद्युत्

प्राधिकरणबाट सन्तोषजनक जवाफ प्राप्त हुन आएको देखिएन। अर्को शव्दमा भन्नुपर्दा नेपाल विद्युत् प्राधिकरणबाट बिल जारी गर्न आवश्यक टीओडी मिटरको T1, T2, T3 अवधिको डाटा बाहेक टीओडीको प्रोफायल डाटा प्राप्त हुन आएको देखिएन। त्यसैले नेपाल विद्युत् प्राधिकरणले सम्बन्धित उपभोक्तालाई टीओडी बिलिङ गरिसकेपछि उक्त विवादित विद्युत् महसुलको टीओडी मिटरको डाटा संरक्षण गर्नुपर्नेमा सो नगरेको व्यहोरा पुष्टि हुन आएको मान्नुपर्ने देखियो ।

अब उजुरीकर्ताले नेपाल विद्युत् प्राधिकरणसँग टीओडी मिटरको डाटा नभएकोले विवादित डेडिकेटेड फिडर तथा ट्रंकलाईनमार्फत विद्युत् उपभोग गरेवापतको बक्यौता विद्युत् महसुल तिर्नु पर्ने होइन भन्ने दावी लिएकोमा सो दाबी पुग्ने हो कि होइन भन्ने कुराको यकिन गर्नुपर्ने देखियो । यस सन्दर्भमा ने.का.प. २०७८, नि.नं. १०७२०, अङ्क ८, प्रल्हाद महत वि. शिव शाहीसमेतको जाहेरीले नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी न्यायिक निरूपण हुन आवश्यक हुने भनी व्याख्या भएअनुसार प्रस्तुत विवादमा समेत प्रत्यक्ष प्रमाण नभए पनि परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कनको आधारमा न्याय दिनुपर्ने देखिन्छ ।अतः प्रस्तुत सन्दर्भमा विद्युत् उपभोगसम्बन्धी निष्कर्ष निकाल्दा परिस्थितिजन्य प्रमाण समेतका आधारमा निरुपण गर्नुपर्ने देखियो ।

ऊर्जा संकटको विसम परिस्थितिमा आम गार्हस्थ्य उपभोक्ताको विद्युत् आपूर्तिमा कटौती गरी यी उजुरीकर्ताको उद्योगको लागि विद्युत् आपूर्ति गरिएको र सोको यी उजुरकर्ताले उपभोग गरेको तथ्य स्थापित भएको आधारमा महसुलको बक्यौता रकम निजले बुझाउनु पर्ने भनी माथि प्रश्न नं. ४ मा व्याख्या र विवेचना गरिसकिएको साथै मासिक नियमित बिललाई उजुरीकर्ताले सकार गरी महसुल बुझाइसकेको व्यहोरा पुष्टि भैसकेको र विवादित महसुल सोही मासिक नियमित महसुलकै आधारमा गणना हुने "डेडिकेटेड फिडर लाइनको सरह विद्युत् महसुल" भएको हुनाले टीओडी मिटरको डाटा नभएकै आधारमा यी उजुरीकर्ताले आफूले उपभोग गरिसकेको उल्लेखित विद्युत् महसुलको बक्यौता आफूले बुझाउनु नपर्ने भनी लिएको दावी कानूनसंगत देखिएन । नेपाल विद्युत् प्राधिकरणले बक्यौता रकम देखाएर छुट बिल पठाएपछि समयमै त्यसको पुनरावलोकन लगायतका कानूनी उपचारको प्रकृयामा नजानु प्रारम्भमा उजुरीकर्ताको त्रुटि थियो तथापि नेपाल विद्युत् प्राधिकरणले २०८२।०१।२६ र मिति २०८२।०१।३० मा सूचना प्रकाशित गरेर पुनरावलोकनमा आउन आह्वान गरेपछि मिति २०८२।०२।२९ मा नेपाल विद्युत् प्राधिकरणसमक्ष पुनरावलोकनका लागि निवेदन पेश गरेपछि सो त्रुटिको निवारण भएको मान्न सकिने देखियो । तथापि विद्युत् नियमन आयोगबाट स्थलगत निरीक्षणको लागि गएको प्राविधिक टोलीलाई उजुरीकर्ताले विद्युत् खपतको लगसिट लगायतको विवरण र तथ्य उपलव्ध गराउन नसकेको देखिँदा र उजुरीकर्ताले यस इजलासको मिति २०८२।११।१ को आदेशबमोजिम थप प्रमाण माग गर्दा समेत उद्योगमा खपत भएको डिजेलको परिमाण, उत्पादन विवरण र स्त्रयाप समेतको विवरण उपलव्ध गराउन

नसकेको हुँदा उजुरीकर्ताको दावीलाई समर्थन गर्ने यथेष्ट प्रमाण पेश गर्न नसकेको देखियो। साथै प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणले टीओडी मिटरको डाटा सुरक्षित नराखेको समेत देखियो । यसरी दुबै पक्षबाट कमजोरी भएको अवस्थामा प्रतिबादीको स्थिति बलियो हुन्छ (When both the parties are equally at fault, the defendant's position is better) भन्ने कानूनी सिद्धान्त यहाँ आकर्षित हुने देखिंदा उजुरीकर्ता पंचकन्या स्टिल प्रा. लि. ले नेपाल विद्युत् प्राधिकरणसँग टीओडी मिटरको डाटा नभएकोले विवादित डेडिकेटेड फिडर तथा ट्रंकलाईनमार्फत विद्युत् उपभोग गरेवापतको बक्यौता विद्युत् महसुल तिर्नु पर्ने होइन भनी लिएको दावीसँग यो इजलास सहमत हुन सकेन ।

अब निज उजुरीकर्ता उद्योगले विद्युत् खपत गरेको पुष्टि गर्ने अन्य प्रमाण तथा प्राविधिक तथ्यका सम्बन्धमा विचार गर्दा प्रचलित विद्युत् महसुल सम्बन्धी प्रचलित कानून नियमहरुको अध्ययन गर्नुपर्ने हुन्छ। विद्युत् नियमावली, २०५०, नेपाल विद्युत् प्राधिकरणको विद्युत् वितरण विनियमावली, २०६९, नेपाल विद्युत् प्राधिकरणको विद्युत् महसुल सङ्कलन विनियमावली, २०७३ लगायतको समष्टिगत विश्लेषण गर्दा टि.ओ.डी. मिटरको अलावा डिमाण्ड मिटर तथा मिटर डाउनलोड विवरण लगायतलाई विद्युत् शक्तिको खपत नाप्ने, विद्युत्को यूनिट अभिलेख गर्ने तथा खपत र माग नाप्ने वैज्ञानिक र विश्वसनीय यन्त्र तथा आधार मानेको देखिन्छ । यसर्थ, विद्युत् खपत वा उपभोग प्रमाणित गर्ने प्रारम्भिक आधार ऊर्जामापक यन्त्र हुने भन्नेमा कुनै विवाद देखिदैन। विशेष गरी Time of Day (ToD) मिटरिङ प्रणाली लागु भएका उपभोक्ताको हकमा विभिन्न समय खण्डमा भएको विद्युत् उपभोगको विवरण स्वतः अभिलेख हुने हुँदा यस्तो मिटरबाट प्राप्त तथ्यांकलाई विश्वसनीय प्राविधिक आधारका रूपमा लिनु पर्ने नै देखिन्छ। तथापि, Time of Day (ToD) मिटर मुख्य आधार भएता पनि खपत पुष्टि हुने एक मात्र irrefutable वा conclusive आधार भने होइन। यस सम्बन्धमा निवेदक उजुरीकर्ता उद्योगले आफू नियमित लोडसेडिङमा रहे नरहेको तथ्य प्रमाणित गर्ने सर्वोत्तम प्रमाण टि.ओ.डी. मिटरबाट प्राप्त हुने लोड प्रोफाइल मात्रै बाट प्रमाणित हुन सक्ने भन्ने दाबी लिएको भएता पनि विवादित अवधिमा विद्युत् उपभोग नगरेको भन्ने स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न सकेको अवस्था देखिएन । विद्युत् खपत सम्बन्धी आधिकारिक र वस्तुनिष्ठ प्रमाणको रुपमा टि१, टि२, टि३ समयावधिको तथ्यांक उपलब्ध हुनुका साथै प्रणालीगत र प्राविधिक सूचकहरुबाट Technical Corroboration पनि गर्न सकिने अवस्था रहने नै हुँदा उजुरीकर्ता उद्योगको दावीसँग सहमत हुन सकिंएन। त्यसैगरी Technical Corroboration को प्रयोजनार्थ मिटरबाट प्राप्त तथ्यांक टि१, टि२, टि३ का अलावा अन्य सहायक आधारका रूपमा देहायका प्राविधिक अभिलेखहरू समेत सान्दर्भिक हुने देखिन्छः

क) मीटर रिडिङसम्बन्धी अभिलेख, बिलिङ स्टेटमेन्ट तथा प्रणालीगत लेखाजोखा विवरण
ख) एकै महिना भित्रै पनि कुन कुन समय खण्डमा कति विद्युत् खपत गरिएको छ भन्ने विवरण खुल्ने (टि.ओ.डी. मिटरबाट प्राप्त हुने (लोड प्रोफाइल) सम्बन्धी अभिलेख
ग) सबस्टेशन तथा फिडर स्तरको ऊर्जा प्रवाह विवरण सम्बन्धी अभिलेख
घ) विवादित समयावधिमा उद्योगको उत्पादन तथा संचालनको स्थिति, आदि

उपरोक्त प्राविधिक आधारहरूको विश्लेषणबाट प्राप्त नतिजा आपसमा मिल्दोजुल्दो तथा परस्पर पुष्टि गर्ने नै देखिँदा निवेदकले उपभोग गरेको विद्युत्को परिमाण यथार्थ रूपमा निर्धारण गर्न सकिने नै पाइयो। साथै, यसरी प्राप्त भएको मिटरिङ तथा प्राविधिक तथ्यांक नियामकीय दृष्टिले वस्तुनिष्ठ, पारदर्शी तथा परीक्षणयोग्य नै देखिएको हुँदा विद्युत् उपभोग पुष्टि गर्ने न्यायोचित आधारका रूपमा स्वीकार गर्न मिल्ने नै देखियो। अतः प्रस्तुत विवादको सन्दर्भमा मिटर तथा त्यससँग सम्बन्धित अभिलेखहरूको समग्र मूल्यांकनका आधारमा निवेदकले उपभोग गरेको विद्युत्को परिमाण निर्धारण गर्नु न्यायोचित देखिन्छ ।
निवेदक उद्योगले यस आयोगबाट स्थलगत निरीक्षणका लागि गएको प्राविधिक टोलीलाई विवादित अवधिको उत्पादन लगबुक प्रस्तुत गरेको देखियो ।जस अनुसार उक्त उद्योगको वस्तु उत्पादन लोडसेडिङ अवधिमा समेत निरन्तर भइरहेको देखिन्छ । स्टिल उत्पादन गर्ने उद्योगको प्रकृति नै उच्च र निरन्तर विद्युत् आपूर्तिमा निर्भर रहने भएकाले विद्युत् पूर्ण रूपमा उपलब्ध नभएको अवस्था वा लोडसेडिङ हुँदा उत्पादन नियमित रहनु भनेको विद्युत्को खपत भएकै तथ्य पुष्टि हुनु हो । त्यस्तै, उजुरीकर्ता उद्योगले लोडसेडिङको बखत आवश्यकतानुसार आफ्नो उद्योग संचालनार्थ कुनै वैकल्पिक व्यवस्था समेत गरेको भन्ने प्रमाण पेश नगरेको अवस्थामा प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणद्वारा वितरित विद्युत् ट्रंकलाइनको प्रयोग बिना उद्योग संचालन गरेको भनी मान्न सकिने अवस्था देखिएन। यस इजलास समक्ष प्राप्त स्टिल उद्योगको उत्पादन अभिलेखमा विवादित अवधिमा समेत उत्पादन निरन्तर देखिएको तथ्यलाई यस इजलासले प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणद्वारा वितरित विद्युत् ट्रंकलाइनको प्रयोग भएको भन्ने जिकिरलाई पुष्टि गर्ने परिस्थितिजन्य तथा सहायक प्रमाणका रूपमा मूल्याङ्कन गर्नुपर्ने अवस्था देखिन्छ ।

प्रश्न नं. ६: नेपाल विद्युत् प्राधिकरणले विवादित समयमा निरन्तर विद्युत् आपूर्ति नगरेको कारणले गर्दा विद्युत् महसुल निर्धारण आयोगको मिति २०७३।३।१६ को १०८ औं बैठकको निर्णयमा उल्लेखित शर्तहरु पुरा नभएको हुँदा अतिरिक्त महसुल लाग्ने होइन भन्ने उजुरीकर्ताको दावी पुग्न सक्छ कि सक्दैन ? भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा सर्वप्रथम मिति २०७३ असार १६ गतेको विद्युत् महसुल निर्धारण आयोगको १०८औं बैठकको निर्णयमा विचार गर्नु आवश्यक देखिन्छ। विद्युत् महसुल निर्धारण आयोगको १०८औं बैठकमा ट्रंक लाइनमा लाग्ने शुल्कको सम्बन्धमा निम्न निर्णय भएको देखिन्छः

*"४.४. लोडसेडिंग छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइन बाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकको महसुल dedicated ग्राहकको सरह दर कायम गर्ने"*

माथि उल्लेखित निर्णयतर्फ विचार गर्दा विद्युत् महसुल निर्धारण आयोगको १०८औं बैठकले कुनै नयाँ दररेट स्वीकृत नगरी ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकको महसुल dedicated ग्राहकको सरह नै हुने भन्ने व्यवस्था गरेको मात्र देखिन्छ। तसर्थ ट्रंक लाइनबाट विद्युत् आपूर्ति भैरहेका

ग्राहकहरुको हकमा पनि शुल्क गणनाको प्रयोजनका लागि dedicated ग्राहक सरह नै हुने व्यवस्था लागु भएको कुरामा कुनै विवाद देखिदैन।

यहाँ कस्ता ग्राहकहरुलाई ट्रंक लाइनबाट विद्युत् आपूर्ति लिने ग्राहक मान्नुपर्ने हो, त्यो पक्ष पनि महत्वपुर्ण हुनजान्छ। विद्युत् महसुल निर्धारण आयोगको मिति २०७३ असार १६ गतेको १०८ औ बैठकको निर्णयमा छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहक भन्ने शब्दावली प्रयोग भएबापत के स्पष्ट बुझ्न सकिन्छ भने दुई प्रकारका ग्राहकहरु अर्थात् छुट्टै ट्रंक लाइनमा जोडिएका ग्राहकवर्ग र ट्रंकलाइन मार्फत विद्युत् प्राप्त गर्ने ग्राहकवर्ग नै त्यस्तो वर्गीकरणमा पर्ने देखिन्छ। साथै उक्त निर्णयले ट्रंकलाइनको प्रयोग गरेका ग्राहक बर्गलाई dedicated ग्राहकको सरह नै महसुल लगाउने व्यवस्था गरेको हुँदा डेडिकेटेड फिडरको शुल्क सम्बन्धमा विद्युत् महसुल निर्धारण आयोगको १०३औं र १०४औ बैठक पश्चात विद्युत् महसुल निर्धारण आयोगले ती निर्णयहरुको कार्यान्वयनार्थ सर्वसाधारणको जानकारीका लागि प्रकाशित सूचनाको व्यहोरा नै महत्वपूर्ण हुन जान्छ । नेपाल विद्युत् प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत् आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहकहरुको लागि नेपाल विद्युत् प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भए बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम १० अनुसार विद्युत् महसुल निर्धारण आयोगद्वारा मिति २०७२/१०/१२ को गोरखापत्रमा प्रकाशित सार्वजनिक सूचनामा सर्वसाधारणको लागि जानकारी गराएको देखिन्छ। उक्त सूचनाको व्यहोरा अध्ययन गर्दा त्यसमा न त न्यूनतम विद्युत् आपूर्ति हुनुपर्ने समायावधि तोकिएको छ, न त न्यूनतम विद्युत् खपतको अनिवार्यता नै गरिएको छ। साथै लोडसेडिंग कति घण्टा वा यति वा उति घण्टा हुनुपर्ने भन्ने कुराको हकमा पनि विद्युत् महसुल निर्धारण आयोगको १०३औ र १०४औ बैठकका निर्णयहरुमा कुनै पनि कुरा उल्लेख भएको देखिँदैन।

उक्त समयमा प्रचलनमा रहेको नेपाल विद्युत् प्राधिकरण संचालक समितिले स्वीकृत गरी लागु गरेको विद्युत् महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उप विनियम (२) मा भएको व्यवस्था हेर्दा डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैरव्यापारिक वर्गका ग्राहकहरुले विद्युत् शक्ति खपत गरे वापत अनुसूची-१क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र ईनर्जी शुल्क बुझाउनु पर्ने व्यवस्था गरिएको देखिन्छ । उक्त विनियमावलीको अध्ययन गर्दा त्यसमा न त न्यूनतम विद्युत् आपूर्ति हुनुपर्ने समयावधि तोकिएको देखिन्छ, न त न्यूनतम विद्युत् खपतको अनिवार्यता गरिएको छ, न त लोडसेडिंग कति घण्टा वा यति वा उति घण्टा हुनुपर्ने कुरा नै उल्लेख भएको छ।

जहाँसम्म ग्राहक र नेपाल विद्युत् प्राधिकरण बिचको सम्बन्धको कुरा छ वा महसुल संकलनको विवाद छ, सो कुरा विद्युत् महसुल संकलन विनियमावली, २०७३ को व्यवस्थाले निर्देशित हुनुपर्ने देखिन्छ। ग्राहकको पक्षबाट हेर्दा विद्युत् महसुल संकलन विनियमावलीमा भएको व्यवस्था, महसुल दर र तिनका शर्तहरु नै ग्राहकका लागि बाध्यकारी प्रावधान मान्नुपर्ने हुन्छ। यदि कुनै पनि ऐन, नियमावली, वा विनियमावलीमा भएका व्यवस्थाले ग्राहकको कुनै हक र अधिकार कुण्ठित भएको खण्डमा उचित न्यायिक निरुपणका लागि जाने उपचार ग्राहकलाई हुने नै हुँदा समयमै उक्त उपचारको प्रयोग नगरी पछि विवाद खडा भए पछि मात्र कुनै पनि ऐन, नियमावली, वा विनियमावलीमा भएका व्यवस्था आफूलाई लागु नहुने भन्ने दाबी ग्राहकको तर्फबाट आएको खण्डमा त्यसमा सहमत हुन सक्ने अवस्था रहँदैन। विद्युत् महसुल संकलन विनियमावली, २०७३ का कुनै पनि प्रावधानहरु हालसम्म न्यायिक निकायबाट खारेज भएको वा बदर भएको अवस्था नरहेकोले विनियम ५ को उपविनियम (२) मा भएको व्यवस्था बमोजिम डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैरव्यापारिक वर्गका ग्राहकहरुले विद्युत् शक्ति खपत गरे वापत अनुसूची-१क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र ईनर्जी शुल्क बुझाउनु पर्ने नै देखिन्छ। उक्त विनियमावलीमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् सेवा लिने औद्योगिक, व्यापारिक, गैरव्यापारिक वर्गका ग्राहकहरुले विद्युत् शक्ति खपत गर्ने क्रममा कुनै पनि शर्त पुरा गर्नुपर्ने भन्ने व्यवस्था नभएको हुँदा र उक्त विनियम विवादित समयावधिका सन्दर्भमा कुनै न्यायिक निरुपणद्वारा बदर भएको अवस्था पनि नरहेकोले सो विनियम बमोजिम लाग्ने शुल्क बुझाउनुपर्ने दायित्व उजुरीकर्ताको नै देखिन्छ।

यसका अतिरिक्त विद्युत् महसुल निर्धारण आयोगले मिति २०७३/०३/१६ मा गरेको निर्णयको आधारतर्फ बिचार गर्दा उक्त समयमा लोडसेडिंग छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्था रहेको देखिन्छ भने त्यस्तो कठिन समयमा पनि कम्तीमा २० घण्टा ट्रंक लाइनबाट विद्युत् आपूर्ति भएका ग्राहकलाई अतिरिक्त शुल्क लाउने भन्ने निर्णय विद्युत् महसुल निर्धारण आयोगले गरेको देखिन्छ। जहाँसम्म विद्युत् महसुल निर्धारण आयोगले लोडसेडिङको समय निर्धारण गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न छ भने त्यो प्रश्नको पनि निवारण आवश्यक हुन जान्छ। लोडसेडिङ कति समयमा गर्ने, कति समयको लागि गर्ने भन्ने कुराहरु उक्त समयको विद्युतको खपतको अवस्था, मागको स्थिति, आपूर्तिको अवस्था इत्यादिमा भर पर्ने हुँदा विद्युत् महसुल निर्धारण आयोगले कुनै एक दिन निर्णय गरेर लोडसेडिङको समय यति घण्टा वा उति घण्टा भन्न सक्ने अवस्था रहँदैन, तत्काल प्रचलित नेपाल कानूनले उक्त अधिकार विद्युत् महसुल निर्धारण आयोगलाई दिएको पनि देखिदैन। लोडसेडिंग के कुन समयमा र कति समयावधिका लागि गर्ने भन्ने कुरा विशुद्ध प्राविधिक र व्यवसायिक कार्यकुशलताको विषय भएकोले यस बारेमा प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरण नै जिम्मेवार निकाय रहेको हुनाले विद्युत् महसुल निर्धारण आयोगको निर्णयमा पनि लोडसेडिङ ६ घण्टा नै हुनुपर्ने वा अन्य कुनै घण्टा हुनैपर्ने भन्ने बाध्यकारी शर्त राखेको देखिँदैन। उक्त समयमा लोडसेडिङ ६ घण्टा भइरहेको अवस्थामा उक्त निर्णयमा ६ घन्टाको सन्दर्भ आएको कुरा हुन्न

गाह्रो देखिँदैन। तसर्थ लोडसेडिङको समय बढ्नु वा घट्नुले कुनै पनि ग्राहकलाई ट्रंक लाइनको प्रयोगबापत लाग्ने शुल्क घटबढ हुन्छ भनी मान्न सक्ने अवस्था रहेन। यही कारणले गर्दा पनि नेपाल विद्युत् प्राधिकरणले जारी गरेको विद्युत् महसुल संकलन विनियमावली, २०७३ मा ट्रंक लाइनको शुल्कका सम्बन्धमा गरेको व्यवस्थामा लोडसेडिङको कुनै निश्चित घण्टालाई शर्तको रुपमा नराखिएकोलाई व्यवहारिक र कानूनसम्मत नै मान्नु पर्ने हुन्छ। तसर्थ नेपाल विद्युत् प्राधिकरणले पछि कुनै समयमा लोडसेडिङको समय घटाएको वा बढाएको कारणले मात्र ट्रंक लाइनको प्रयोगकर्ता ट्रंक लाइनको प्रयोगकर्ता नहुने भन्ने अवस्था आउन सक्ने देखिँदैन। नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १६, दफा १९ को खण्ड (छ), दफा २० को खण्ड (ग) र सोही दफाको खण्ड (छ) लाई दृष्टिगत गर्दा नेपाल विद्युत् प्राधिकरणलाई प्रणालीको समुचित प्रयोगका लागि उक्त समयमा भार र आपूर्तिलाई मध्यनजर गर्दै लोडसेडिङ गर्ने वा नगर्ने वा कति घण्टा र कुन दिन गर्ने वा कुन आपूर्ति प्रणालीमा लोडसेडिङ गर्ने र कुन ग्राहक वर्गलाई कुन समयमा लोडसेडिङमा राख्ने भन्ने निर्णय गर्ने अधिकार भएको नै मान्नुपर्ने हुन्छ। तसर्थ उजुरीकर्ताको दाबीमा लोडसेडिङको समय ६ घण्टाभन्दा बढी वा कम भएकै आधारमा आफू ट्रंक लाइनको प्रयोगकर्ता नभएको वा नहुने भन्ने आधार लिएर अतिरिक्त शुल्क स्वतः नलाग्ने भन्ने दाबीसँग सहमत हुन सकिएन । जसरी डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत विद्युत् आपूर्तिको माग गरेको वा नगरेको भन्ने प्रश्न प्रधान विषय नभएर यो विवादमा जोडिएको मुख्य प्रश्न भनेको लोडसेडिंगका बखत विद्युत् प्राधिकरणबाट वितरित विद्युत् उजुरीकर्ता उद्योगले डेडिकेटेड फिडर वा ट्रंक लाइनमार्फत प्रयोग गरेको वा नगरेकोसँग सम्बन्धित देखिन्छ भने विद्युत् खपत गर्ने कि नगर्ने कुरा उपभोक्तामा भर पर्ने भन्ने यस आयोगको निर्क्योल छ त्यसरी नै कुनै पनि अवधिमा लोडसेडिंगको समय अवधि के थियो भन्ने कुराले उजुरीकर्ता डेडिकेटेड फिडर वा ट्रंक लाइनको प्रयोगकर्ता थिएन भनेर मान्न सक्ने अवस्था पनि रहँदैन ।

त्यस्तै प्रयोगात्मक र व्यावहारिक हिसाबले हेर्ने हो भने पनि लोडसेडिङको समय दैनिक अथवा साप्ताहिक रुपमा परिवर्तन गर्नुपर्ने वा कुनै लामो समयको अन्तरालमा परिवर्तन गर्नुपर्ने अवस्थामा उक्त कुरा विद्युत्को महसुल र ग्राहकको वर्गीकरणसँग सम्बन्धित नभएको र विद्युत् महसुल निर्धारण आयोगको पूर्वस्वीकृति लिनपर्ने कानूनी व्यवस्था नभएको हुँदा नेपाल विद्युत् प्राधिकरणले उक्त समयमा के कति समय लोडसेडिङ गर्ने भन्ने कुराको अन्तिम निर्णय गर्न विद्युत् प्राधिकरण स्वतन्त्र तथा सक्षम नै भएको मान्नुपर्ने हुन्छ । तसर्थ विद्युत् महसुल निर्धारण आयोगको निर्णयको पहिलो अंश लोडसेडिङ ६ घण्टाभन्दा बढी भएको अवस्थामा भन्ने अंशले केवल त्यस समयको लोडसेडिङको समयलाई जनाऊसम्म गरेको देखिन्छ, तर ट्रंक लाइन प्रयोगकर्ताको अवस्था चाहि लोडसेडिङ कति घण्टा थियो भन्ने कुराले निर्धारण गर्न सक्ने देखिदैन । तसर्थ लोडसेडिङको समय अवधि ६ घण्टाभन्दा बढेको वा घटेको अवस्थामा पनि ट्रंक लाइन प्रयोग गरेर विद्युत् आपूर्ति प्राप्त गरिरहने ग्राहकहरूको हकमा ट्रंक लाइनको उपयोग गरे बापतको अतिरिक्त शुल्क डेडिकेटेड फिडरको प्रयोग गरिरहेका ग्राहकहरूको सरह लिनु पर्ने नै देखिन आयो ।

अब २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहक को हो भन्ने सन्दर्भमा पनि उजुरीकर्ताले दाबी गरे अनुसार उक्त ट्रंक लाइनबाट कम्तिमा दैनिक २० घण्टा बिजुली उपयोग गरेको खण्डमा मात्र अतिरिक्त शुल्क आकर्षित हुने र सो पुरा नभएको खण्डमा सो शुल्क लाउन नहुने र नमिल्ने भन्ने रहेको छ। यसतर्फ विद्युत् महसुल निर्धारण आयोगको १०८औं बैठकको निर्णयमा प्रयोग गरिएको २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने भन्ने शब्दावलीले खास अर्थ राख्ने देखिन्छ भन्ने दाबी उजुरीकर्ताको रहेको छ। जहाँसम्म विद्युत् प्रवाहको सन्दर्भ छ, यसमा के कुरामा स्पष्टता आवश्यक पर्दछ भने विद्युत्को आपूर्ति र खपत दुई भिन्नाभिन्नै विषय हुन जाने, विद्युत्को आपूर्तिको नियन्त्रण विद्युत् प्राधिकरणसँग रहने र खपतको पूर्ण नियन्त्रण उजुरीकर्ता उद्योगसँग रहने देखिन्छ। उजुरीकर्ता उद्योगलाई नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् आपूर्तिको निरन्तर प्रवाह भएको अवस्थामा पनि नेपाल विद्युत् प्राधिकरणबाट उपलब्ध भएको विद्युत् शक्ति प्रयोग गर्ने कि नगर्ने, कुन समयमा के कति गर्ने भन्ने कुरा उद्योगको आफ्नो नियन्त्रणभित्र रहेको कुरा हुने हुँदा विद्युत् शक्ति प्रवाह गराउन सामर्थ्य भएकै कारणले मात्र नेपाल विद्युत् प्राधिकरणले कुनै पनि ग्राहक वा उद्योगलाई निश्चित यति घण्टा वा उति घण्टा बिजुली खपत गरेकै हुनुपर्छ भन्ने निर्देशन दिन सक्ने वा बाध्य बनाउन सक्ने अवस्था देखिँदैन। त्यसकारण नेपाल विद्युत् प्राधिकरणको मुल दायित्व ट्रङ्कलाइनमा विद्युत् उपलव्ध गराउने हो जुन काम सारभूतरुपमा नेपाल विद्युत् प्राधिकरणले गरेको कुरा यस आयोगको प्राविधिक टोलीले गरेको स्थलगत निरीक्षणको प्रतिवेदनबाट पनि पुष्टि भएकै पाइयो ।

उजुरीकर्ता उद्योगको हकमा उद्योगको क्षमता, उद्योगका कर्मचारीहरूको काम गर्ने समय तालिका (Working Shift and Schedule) लाई हेरेर कुन समयमा के कति विद्युत् खपत गर्ने, लगातार विद्युत् खपत गर्ने कि बीचमा केही समय विद्युत् खपतलाई रोक्ने भन्ने कुरा पूर्ण रुपमा उजुरीकर्ता उद्योगको नियन्त्रणमा रहनुका साथै विद्यमान श्रम ऐनमा भएको मजदूरलाई निश्चित घण्टा काम गरे पश्चात दिनुपर्ने विश्रामको समय, र कल-कारखानामा प्रयोग भएका मेसिनरीहरूको क्षमतालाई मध्यनजर गर्दै नेपाल विद्युत् प्राधिकरणवाट बिजुलीको निरन्तर प्रवाह भएको अवस्थामा पनि खपत चाहिँ निरन्तर हुन व्यवहारिक नहुने अवस्थालाई पनि विचार गर्नु आवश्यक देखिन्छ। तसर्थ नेपाल विद्युत् प्राधिकरणले उजुरीकर्तालाई कम्तीमा यति घण्टा बिजुली प्रयोग गर्नैपर्ने भन्ने शर्त राख्ने अथवा राख्न सक्ने अवस्था नभएको र उद्योगले पनि आफ्नो उत्पादनको क्षमता, मेसिनरीहरूको लोड र कर्मचारी संयन्त्रलाई दिनुपर्ने विश्राम र सुविधाहरुको आधारमा लगातार कम्तीमा यति वा उति घण्टा नै दैनिक विद्युत् खपत गर्ने अथवा गर्नैपर्ने भन्ने अवस्था आउन नसक्ने भएकोले विद्युत् महसुल निर्धारण आयोगको उपरोक्त निर्णयमा प्रयोग भएको २० घण्टा भन्ने वाक्यांशको व्याख्या गर्दा २० घण्टा लगातार विद्युत्को प्रयोग भएकै हुनुपर्ने भनी व्याख्या गर्न मिल्ने देखिँदैन। यस्तो कानूनी व्याख्या गर्ने हो भने उद्योगले नचाहेको अवस्थामा पनि २० घण्टा लगातार बिजुली प्रयोग गर्न उद्योगलाई बाध्य पारिन सक्ने अवस्थाको सृजना हुनसक्ने हुँदा विद्युत्को आपूर्तिलाई विद्युत्को खपत भनेर बुझ्न मिल्दैन। नेपाल विद्युत् प्राधिकरणले पनि आफूले २० घण्टा विद्युत् प्रवाह गरेको

कारणले उद्योगंको खपत जतिसुकै भएपनि २० घण्टा ट्रंकलाइनमा प्रवाह भएको सम्पूर्ण विद्युत्को शुल्क दाबी गर्न मिल्दैन त्यसरी नै उद्योगले पनि खपत पूर्णतया आफ्नो नियन्त्रणमा रहेको अवस्थामा विद्युत्को खपत २० घण्टाभन्दा कम भएकै कारण देखाएर छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिएको अवस्थामा अतिरिक्त शुल्क नलाग्ने भन्न मिल्ने देखिएन।

यस्तो अवस्थामा कानून व्याख्याका लागि उपयुक्त समन्वयात्मक व्याख्या (harmonious interpretation) को प्रयोग यस सन्दर्भमा पनि गरिनु पर्ने देखिन्छ। जसरी कानूनको व्याख्या गर्दा कुनै एक प्रावधानलाई मात्र यान्त्रिक तरिकाले व्याख्या गर्नु व्यवहारिक हुँदैन र समग्रमा कानूनको प्रस्तावनामा उल्लिखित उद्देश्यलाई समेत मध्यनजर गरी रचनात्मक तरिकाले ऐनकै उद्देश्य पूर्तिको लागि समन्वयात्मक व्याख्या गरिनु पर्ने भन्ने सिद्धान्तहरु प्रतिपादित भएका छन्, त्यसरी नै विद्युत् महसुल निर्धारण आयोगले प्रयोग गरेको "२० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइन बाट निरन्तर विद्युत् आपूर्ति लिने" भन्ने शब्दावलीले खासमा पूर्वाधारमा पहुँच (Access to the Infrastructure) को कुरालाई झल्काएको देखिन्छ। उक्त शब्दावलीले न त २० घन्टाको न्यूनतम विद्युत् प्रवाहलाई जोड दिएको छ न त २० घन्टाको न्यूनतम खपतलाई नै अनिवार्य पारेको छ।

उद्योग र कलकारखानालाई उच्च गुणस्तरको विद्युत् शक्तिको आवश्यकता पर्ने र उक्त विद्युत् शक्ति आम जनमानसलाई वितरण गरिने बिजुलीको गुणस्तर भन्दा बढी अनुमानयोग्य, भरपर्दो र स्थिर (predictable, reliable and consistent) हुनुपर्ने हुँदा उजुरीकर्ता उद्योगलाई trunk line मार्फत विद्युत् आपूर्ति गरिएको कुरामा कुनै विवाद देखिँदैन। नेपाल विद्युत् प्राधिकरणले आफ्नो लिखित जवाफमा र बहसका क्रममा पनि ट्रंक लाइन र डेडिकेटेड फिडर मार्फत आपूर्ति गरिएको विद्युत् अन्य सामान्य वितरण लाइनबाट प्रसारण गरिएको विद्युत्को तुलनामा बढी स्थिर र अनुमान योग्य हुने र ट्रंक लाइन र डेडिकेटेड फिडरबाट विद्युत् आपूर्ति गर्दा काबु बाहिरको परिस्थिति (Circumstances beyond control) मा बाहेक निरन्तर विद्युत् शक्ति प्रवाह गर्ने प्राधिकरणको नीति रहेको उल्लेख गरेको छ। उजुरीकर्ता उद्योगको हकमा ट्रंक लाइनको प्रयोग गर्ने सुविधा उद्योगलाई चौबीसै घण्टा दिएको र त्यो सुविधा उद्योगले निरन्तर प्राप्त गरिरहेको सन्दर्भ नेपाल विद्युत् प्राधिकरणले बहसका क्रममा उठाएको देखियो। जहाँसम्म उजुरीकर्ता उद्योगलाई प्रदान गरिएको विद्युत्को कुरा छ, त्यसमा प्राधिकरणले उद्योगलाई ट्रंकलाइन जस्तो विशेष पूर्वाधारबाट चौबीसै घण्टा विद्युत् प्रवाह हुनसक्ने गरी व्यवस्था गरेको हुँदा त्यस्तो व्यवस्था मार्फत विद्युत् उपयोग गरेको हदसम्म (विद्युत् उपयोग गरेको मिटर रिडिङ र युनिटलाई आधार मानेर) खपत गरेको युनिटमा मात्र विशेष दर लगाउन मिल्ने देखिन्छ । ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्तिको सन्दर्भमा उक्त उद्योगले उक्त समयावधिमा लिएको विद्युत् केवल ट्रंक लाइनबाट मात्र लिएको देखिएको, र अर्को कुनै लाइनबाट विद्युत् खपत गरेको नदेखिएको हुँदा ट्रंक लाइनबाट नै निरन्तर विद्युत् आपूर्ति भएको देखिन्छ। साथै उद्योगले यस अघि उसले प्राप्त गरेको reading data र मिटर तथ्याङ्कको आधारमा उक्त

प्रयोग गरेको युनिटको सन्दर्भमा मात्र अतिरिक्त छुट महसुल नेपाल विद्युत् प्राधिकरणले लगाउन सक्ने देखिन्छ। निरन्तर शब्दको व्याख्या गर्दा पनि पूर्वाधारमा पहुँच (Access to the Infrastructure) को क्षमता निरन्तर र लगातार भनेर बुझ्नुपर्ने हुन्छ। त्यस्तो व्याख्या मात्र कानूनको रोहमा व्यवहारिक, उचित र सान्दर्भिक हुने देखिन्छ। प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणले टीओडी डाटा सुरक्षित नगरेको तर ग्राहकलाई टीओडी बिल जारी गरेकै पुष्टी भएको छ । उक्त प्राधिकरण नेपाल सरकारको स्वामित्व भएको सँस्था भएको हुनाले प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (ग) मा उल्लेख भएको "कुनै सरकारी कार्यालयमा कानूनले राख्नुपर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लेख गरिएको कुराहरु सही रुपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ" भन्ने प्राबधान समेतका आधारमा उक्त टीओडी बिल सही भएको मान्नुपर्ने देखियो ।

तसर्थ माथि विवेचना गरिएका तथ्य, कानूनी व्यवस्था एवं प्रमाणको आधारमा यो इजलास निम्नलिखित आदेश गर्दछः

(क) उल्लेखित तथ्य, कानूनी व्यवस्था एवं प्रमाणको आधारमा विवेचना गर्दा उजुरीकर्ताको मागदावी पुग्न नसक्ने ठहर्छ ।

(ख) नेपाल विद्युत् प्राधिकरण आफैले विद्युत् वितरण विनियमावली, २०७८ को विनियम ५५ को संशोधन लगायतका निर्णयहरु गरी संशोधित विनियमले निर्दिष्ट गरे बमोजिम छुट बक्यौता महसुल पुनरावलोकन गर्ने विषयमा आवेदन मागेपछि सो बमोजिम रीतपूर्वक परेको पुनरावलोकनको आवेदन बमोजिम पुनरावलोकन नगरी सो प्रकृया नै बदर गरेको कार्य विसङ्गतिपूर्ण देखिएकै हो यद्यपि उजुरीकर्तालाई आफ्नो हक अधिकार दाबी र स्थापनाको लागि आवश्यक उपयुक्त कानूनी उपचार (effective legal remedy) प्राप्त गर्न कानूनबमोजिम विद्युत् नियमन आयोगसमक्ष आउने बाटो खुला रहेकै हुँदा उजुरीकर्ताको सारभूत अधिकार (Substantive Right) को विद्यमानता भएकै स्थिति भएकोले यस इजलासले यस सम्बन्धमा थप केही भनिरहनु परेन।

(ग) प्राधिकरणले आफैं बनाएको विनियमावलीमा छुट बिल भनेर जतिसुकै पछि पनि ग्राहकलाई बिल जारी गर्न सक्ने असीमित अधिकारको विद्यमानता हुनुलाई न्यायको दृष्टिले हेर्दा उपभोक्ताको हित प्रतिकूल देखिएकोले प्राविधिक कारणबाट वा मानवीय त्रुटिको कारणबाट वा कसैको बदनियतको कारणबाट वा अन्य कुनै मनासिव कारणबाट कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा त्यस्तो छुट भएको बक्यौता बिलिङ निश्चित समयसीमा भित्र जारी गरिसक्नुपर्ने गरी यसका लागि प्राविधिक तथा व्यवहारिक दृष्टिले उपयुक्त हुने समयसीमा तोकिदिने तथा सो समयसीमा नाघेपछि छुट बिल जारी गर्न नपाउने व्यवस्था गरी समयमा बिलिङ् नगरेका कारणबाट प्राधिकरणलाई कुनै हानीनोक्सानी भएको खण्डमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउने व्यवस्था समेत गर्न वान्छनीय देखिएकोले विद्यमान नेपाल विद्युत्

प्राधिकरण विद्युत् वितरण विनियमावली, २०७८ लगायत नेपाल विद्युत् प्राधिकरणका यससम्बन्धी कानूनी दस्तावेजहरुमा माथि उल्लेख भए बमोजिमको प्रावधान राखी संशोधन गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशनात्मक आदेश जारी हुने ठहर्छ भनी यसै मुद्दाको लगाउमा रहेको विवाद नं ०८२-DR-००१ मा भनिसकिएकै हुँदा यसमा केही भनिरहन परेन।

(घ) प्रस्तुत विवादमा विवादित विद्युत् महसुल बारे टीओडी बिलको अलावा अन्य प्राविधिक तथ्यको आधारमा यकिन गरिएको भए पनि नेपाल विद्युत् प्राधिकरणले विवादित विद्युत् महसुलको टीओडी मिटरको डाटा पूर्ण रुपमा आयोग समक्ष पेश गर्न नसकेको हुँदा कानूनले स्पष्ट रुपमा डाउनलोड गरी राख्नु पर्ने भनी तोकेको टीओडी मिटरको डाटा सुरक्षित राख्ने कार्यलाई अब उप्रान्त गम्भिरतापूर्वक कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरणलाई ध्यानाकर्षण सहितको निर्देशनात्मक आदेश जारी हुने ठहर्छ भनी यसै मुद्दाको लगाउमा रहेको विवाद नं ०८२-DR-००१ मा भनिसकिएकै हुँदा यसमा केही भनिरहन परेन।

सो ठहर्नाले अरु कुरामा तपसिल बमोजिम गर्ने गरी विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम यो फैसला गरिएको छ ।

तपसिल

१. प्रस्तुत फैसलाउपर चित्त नबुझे ३५ दिनभित्र विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ को उपदफा (४) बमोजिम उच्च अदालत, पाटनमा पुनरावेदन गर्न जान दुबै पक्षलाई पुनरावेदनको म्याद दिनू ........................................................................१

२. प्रस्तुत फैसलामा उल्लेख भए बमोजिमको निर्देशनात्मक आदेश तथा ध्यानाकर्षण सहितको निर्देशनात्मक आदेश बमोजिम गर्न गराउन प्रत्यर्थीहरुलाई फैसलाको प्रतिलिपि समेत संलग्न राखी जानकारी गराउनू ........................................................................२

३. सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे विद्युत् नियमन आयोग विवाद समाधानसम्बन्धी विनियमावली, २०८२ को विनियम २९ बमोजिम लाग्ने दस्तुर लिई प्रतिलिपि उपलब्ध गराउनू........................................................................३

४. फैसला आयोगको सफ्टवेयर प्रणालीमा अपलोड गरी प्रस्तुत विवादको दायरीको लगत कट्टा गर्नू........................................................................४

५. फैसला प्रमाणीकरण भएको विवरण मुलुकी देवानी कार्यविधि संहिताको दफा १९८ को उपदफा (३) बमोजिम आयोगको सूचनापाटी र आयोगको वेबसाइटमा समेत प्रकाशित गरी मिसिल सम्वन्धित शाखामा बुझाइदिनू........................................................................५

(डा. झमकप्रसाद शर्मा)
सदस्य

उपरोक्त रायमा म सहमत छु ।

(डा. रामप्रसाद धिताल)
अध्यक्ष

उपरोक्त रायमा म सहमत छु ।

(गौतम डङ्गोल)
सदस्य

उपरोक्त रायमा म सहमत छु ।

(डा. मधुसुधन अधिकारी)
सदस्य

उपरोक्त रायमा म सहमत छु ।

(भागीरथी भट्टराई ज्ञवाली)
सदस्य

इजलास अधिकृतः विकास डङ्गोल/सुदिक्षा पुडासैनी

इति सम्बत् २०८२ साल चैत्र १ गते रोज १ शुभम् ..............................।

फैसला प्रमाणीकरण मितिः २०८२।१२।१२